साँफेबगर नगरपालिका

# आवधिक नगर विकास योजना

(आ.व. २०७५/०७६-२०७९/०८०)

## साँफेबगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

साँफेबगर

सुदूरपश्चिम प्रदेश, अछाम

२०७५

# साँफेबगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## साँफेबगर, अछाम
## सुदूरपश्चिम प्रदेश

**प्रकाशकीय**

............................
**नगर प्रमुख**
**कुल बहादुर कुँवर**

# आवधिक विकास योजनाको सार संक्षेप

| विकास अवधारणा | विवरण |
|---|---|
| दीर्घकालिन सोच | **“सुन्दर समृद्ध साँफेबगर: बनाऔं राष्ट्रकै नमूना नगर”** |
| नगर विकासको लक्ष्य | साँफेवगरबासीको आय, रोजगारी तथा जीवनस्तरमा गुणात्मक सुधार गर्ने |
| अपेक्षित असर | • कृषि, पशुजन्य र औद्योगिक उत्पादन एवम् उत्पादनशील सेवा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने ।<br>• स्थानीय स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा सेवाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने ।<br>• अन्तरसम्वन्ध विकास र सेवा सुविधाको स्तर र पहुँच बृद्धि गर्ने ।<br>• वन, जैविक विविधता, जल र जमीनको दीगो संरक्षण र उपयोग गर्ने ।<br>• नगरपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र सेवा प्रवाहको स्तर बृद्धि गर्ने |
| नगर विकासका प्राथमिकता तथा रणनीति | • कृषि, पर्यटन तथा पशुजन्य उपजको व्यवसायीकरण, विविधिकरण तथा उद्योग व्यवसायको सिर्जना र विकासद्धारा दीगो रोजगारी, आय तथा खाद्य सुरक्षामा बृद्धी गर्ने<br>• गुणस्तरीय र व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानी, सामाजिक सुरक्षा तथा सशक्तिकरणद्धारा स्वथ्य, सिर्जनशिल र सीपयुक्त मानव संशाधनको विकास गर्ने<br>• व्यवस्थित यातायात तथा बजार, आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विकासद्वारा अन्तरसम्वन्ध विकास र सेवा सुविधास्तर र पहुँच बृद्धि गर्ने<br>• वातावरण तथा विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन, समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धनलाई स्थानीय तहको विकास प्रक्रियामा एकीकृत गरी विकास नतिजालाई समावेशी, उत्थानशील र दीगो बनाउने |

**योजनाको अनुमानित रकम**

| विषय क्षेत्र | कुल अनुमानित लागत (रु. हजार) | प्रतिशत |
|---|---|---|
| आर्थिक विकास | १०६११०० | १३.८२ |
| सामाजिक विकास | १९९२४०० | २५.९५ |
| पुर्वाधार विकास | ४१०००७० | ५३.४१ |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | २७३००० | ३.५६ |
| सुशासन तथा संस्थागत विकास | २५०६५० | ३.२६ |
| **कुल बजेट** | ७६७७२२० | १००.०० |

**योजनाको स्रोत प्रक्षेपण**

| वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|
| २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कूल |
| ५३२९४२ | ६६१९६७ | ७१३५०० | ८४९७०० | १०१५००० | ३७७३१०९ |

| | |
|---|---|
| योजनाको नपुग रकम | रु. हजारमा : ३९०४१११ |

| | |
|---|---|
| दस्तावेज | आवधिक नगर विकास योजना दस्तावेज |
| प्रकाशक | साँफेबगर नगरपालिका, साँफेबगर, अछाम |
| सर्वाधिकार | प्रकाशकमा |
| प्राविधिक सहयोग | सामुदायिक विकास कार्यक्रम/विश्व खाद्य कार्यक्रम<br>Community Development Programme (CDP)/World Food Programme (WFP) |
| | |
| | सम्पर्क ठेगाना:<br>विश्व खाद्य कार्यक्रम (डब्लु एफ पी)<br>पो ब.नं. १०७, चाकुपाट, ललितपुर<br>*सम्पर्क : +९७७ ०१-५२६०६०७/५२६०६९३*<br>***Website: www.wfp.org*** |
| मिति | २०७५ श्रावण |
| वेभसाइट | www.sanfebagarmun.gov.np |
| ईमेल | |

# विषय सूची


परिच्छेद १ ..... १
परिचय ..... १
१.१ पृष्ठभूमि : ..... १
१.२ योजना तर्जुमाको उद्देश्य ..... २
१.३ कानुनी तथा नीतिगत व्यवस्था ..... २
१.४ आवधिक योजना तर्जुमा तथा प्रक्रिया ..... ३
१.४.१ आवधिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्वीकृती ..... ३
१.४.२ योजना तयारी कार्याशाला गोष्ठी ..... ३
१.४.३ आधाररेखा सुचना तथा वस्तुस्थिति विश्लेषण ..... ४
१.४.४ आवधिक योजना तर्जुमा गोष्ठी ..... ४
१.४.५ योजना दस्तावेज तयारी ..... ४
१.४.६ योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी ..... ५
१.५ सिमा ..... ५
परिच्छेद २ ..... ६
वस्तुस्थिति विश्लेषण ..... ६
२.१ नगरपालिकाको संक्षिप्त परिचय ..... ६
२.२ विकासका लागि विगतका प्रयास र उपलब्धि ..... ७
२.३ विषय क्षेत्रगत अवस्था विश्लेषण ..... ७
२.३.१ आर्थिक विकास : ..... ८
२.३.२ सामाजिक विकास ..... १२
२.३.३ पूर्वाधार विकास ..... १८
२.३.४ वातावरण तथा विपद ..... २१
२.३.५ संस्थागत विकास र सेवा प्रवाह ..... २४
परिच्छेद ३ ..... २८
योजना अवधारणा तथा प्रारूप ..... २८
३.१ नगर विकासको दीर्घकालिन सोच ..... २८
३.२ लक्ष्य तथा उद्धेश्य ..... २८
३.३ प्राथमिकता तथा रणनीतिहरू ..... २८
३.४ नतिजा तालिका ..... २८
३.५ नीति तथा कार्यनीति ..... ४१
परिच्छेद ४ ..... ५१
कार्यान्वयन योजना ..... ५१
४.१ स्रोत अनुमान तथा प्रक्षेपण ..... ५१
४.२ कार्यक्रम तथा योजना ..... ५१
४.३ साँफेवगर नगरका गौरवका आयोजनाहरू ..... ७०
४.४ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट ..... ७१
४.५ श्रोत परिचालन रणनीति ..... ७२
४.६ अनुगमन तथा मूल्याङ्कन ..... ७२
अनुसूची १: आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन खाका ..... ७४
अनुसूची २: साँफेबगर नगरपालिकाका प्रमुख वस्तीहरु, जोखिम वस्ती तथा प्रमुख बजार केन्द्रहरु ..... ८९

# तालिका सूची

तालिका १: वडा अनुसार नगरपालिकाको क्षेत्रफल ........ ६
तालिका १: भूमीको प्रकार अनुसारको क्षेत्रफल ........ ७
तालिका १: आर्थिक विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था) ........ ८
तालिका १: सामाजिक विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था) ........ १२
तालिका १: पूर्वाधार विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था) ........ १८
तालिका १: वन, वातावरण तथा विपद व्यवस्थापन (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था) ........ २१
तालिका १: सुशासन तथा संस्थागत विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था) ........ २४
तालिका १: आवधिक योजनाको नतिजा तालिका ........ २९
तालिका १: प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट ........ ५१
तालिका १: आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना ........ ५२
तालिका १: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट ........ ७१
तालिका १: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया ........ ७३

# शब्द संक्षेप

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| अ.ले.प | : | आन्तिरिक लेखा परिक्षण |
| आ.वि. | : | आधारभुत विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| गाविस | : | गाउँ विकास समिति |
| गा.पा. | : | गाउँपालिका |
| गाकापा | : | गाउँ कार्यपालिका |
| जिसस | : | जिल्ला समन्वय समिति |
| नपा | : | नगरपालिका |
| नकापा | : | नगर कार्यपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि | : | लिटर |
| व. नं. | : | वडा नम्वर |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |
| CBOs | : | Community Based Organisations |
| DRR | : | Disaster Risk Reduction |
| I/NGO | : | International/Non-Governmental Organization |
| O & M | : | Organization and Management |
| SWOT | : | Strength, Weakness, Opportunity and threats |
| SIP | : | School Improvement Plan |

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि :

नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवं ऐनले तोके बमोजिम स्थानीय तहले पुरा गर्नुपर्ने योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकारलाई समेत मनन् गरी यो योजना तर्जुमा गरिएको हो । स्थानीय तह संचालन सम्बन्धी संघीय कानून स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । योजना तर्जुमा सम्बन्धि यस अघि भए गरेका प्रयास एवं अभ्यास, विभिन्न कार्यविधि तथा निर्देशिका, हाल ऐन नियमले गरेका व्यवस्था तथा स्थानीय वस्तुस्थिति एवं आवश्यकताका आधारमा तोकिए बमोजिमको प्रकृया तथा ढाँचामा यो योजना तर्जुमा गरिएको छ । यो योजना तर्जुमा गर्दाका बखत स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना अनुसार नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित पक्षलाई समेत मनन् गरिएको छ । यसैगरी ऐन बमोजिम योजना बनाउँदा प्राथमिकता दिनु पर्ने तोकिएका विषयहरूमा समेत विशेष ध्यान दिईएको छ ।

स्वीकृत कार्यविधि अनुसार नगरपालिकाले तयार गरेको वस्तुगत विवरणको आधारमा नगर विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी साँफेबगर नगरपालिकाको एकीकृत स्वरुपको प्रथम आवधिक योजना (२०७५/०७६-२०७९/८०) तर्जुमा गरिएको छ । नगर विकासको प्रयासलाई दिशानिर्देश गर्न एकीकृत, आवधिक तथा बार्षिक नगर विकास योजना तर्जुमा, योजनाको नतिजामूलक अनुगमन तथा नगर विकासका प्रयासहरूको प्रभावको लेखाजोखा गर्न नगर वस्तुगत विवरण समेत तयार भैसकेको छ । सो बमोजिम विषयगत सूचना तथा श्रोत नक्शा समावेश गरी नगर वस्तुगत विवरण तयार समेत गरिएको छ, जुन आवधिक योजनाको प्रथम खण्डको रुपमा रहनेछ ।

वर्तमान परिस्थितिमा नगर विकासको प्रयास एवं प्रक्रियाहरुलाई व्यवस्थित ढंगबाट दिशानिर्देश गर्न एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गर्ने र सोको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा गर्ने सिलसिलामा यस साँफेबगर नगरपालिकाको लागि यो योजनाको तर्जुमा गरिएको हो । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया पद्धती बमोजिम नगर सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, नगर क्षेत्रमा क्रियाशिल राजनीतिक दलहरू तथा अन्य सरोकारवालापक्षको सहभागिता सुनिश्चित गरिएको थियो ।

आवधिक योजना तर्जुमाका क्रममा यस नगरपालिकाको विकास प्रयासमा विभिन्न विषयगत क्षेत्रको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी अवस्था सुधारका लागि दुरदृष्टि, लक्ष्य, क्षेत्रगत उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमहरु तर्जुमा गरिएको छ । यस योजनाले समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा अनुगमनको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षका लागि लक्ष्य किटान गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गर्नेछ । आगामी वर्षहरुको बार्षिक योजना तर्जुमाका दौरानमा यो आवधिक योजना नगरपालिकाको लागि महत्वपुर्ण मार्गदर्शक सावित हुने विश्वास गरिएको छ ।

## १.२ योजना तर्जुमाको उद्देश्य

नगरपालिका क्षेत्रको समष्टीगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँ/नगरपालिकालाई आफुले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोऱ्याउने काम गर्दछ । नगरपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक नगर विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु देहायअनुसार छन् ।

- नगरको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासकालागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखि विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने
- नगर विकास तथा श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी नगरबासी तथा सरोकारवालाको चाहाना तथा सहभागितात्मक छलफलका आधारमा नगर विकासको खाका तयार गर्ने
- नगर विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने
- नगर विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरु तय गर्ने
- नगर विकास प्रयासहरुको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने

## १.३ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश कानून र नीति तथा तथा स्थानीय कानून र नीति बमोजम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनुपर्ने हुन्छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा देहायअनुसार गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

- योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गर्नु पर्ने,
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बृद्धीजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जुमा गर्दा आयोजनाहरुको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,

- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापन गर्ने
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने

संवैधानिक दायित्व तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरुलाई आधार लिइएको छ :

- दिगो विकासका लक्ष्यहरू
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजनाबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू

## १.४ आवधिक योजना तर्जुमा तथा प्रक्रिया

यस नगरपालिकाको विस्तृत स्वरुपको आवधिक योजना नगर कार्यपालिकाबाट तयार तथा स्वीकृत कार्यविधि बमोजिम देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको थियो ।

### १.४.१ आवधिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्वीकृती

योजना तर्जुमाको पहिलो चरण अन्तर्गत विधायक समितिबाट पेश हुन आएको आवधिक योजना तर्जुमा कार्यविधि मस्यौदा साँफेबगर नगर कार्यपालिकाबाट स्वीकृत गरी सोही कार्यविधि बमोजिम आवधिक योजना तर्जुमा गर्ने निर्णय गरेको छ । यस क्रममा नगर कार्यपालिकाले विश्व खाद्य कार्यक्रम अन्तर्गत सामुदायिक विकास कार्यक्रम तथा अन्य सहयोगी साझेदारहरुको सहयोग तथा सहजीकरणमा आवधिक योजना तर्जुमा गर्ने निर्णय कार्यपालिकाबाट गरेको हो ।

### १.४.२ योजना तयारी कार्याशाला गोष्ठी

तोकिएको बमोजिमको ढाँचामा आवधिक योजना तर्जुमा गर्ने निर्णय बमोजिम नगरपालिकाको आयोजना र सामुदायिक विकास कार्यक्रम अन्तर्गत विश्व खाद्य कार्यक्रमको प्राविधिक सहयोगमा २०७५ साल भाद्र १ र २ गते नगरपालिकाको आयोजना र विश्व खाद्य कार्यक्रम तथा साझेदारहरुको प्राविधिक सहयोगमा आवधिक योजना तर्जुमा कार्यशाला सम्पन्न

गरी योजना तर्जुमा कार्य अगाडि बढाइयो । कार्यशालामा विषयगत विज्ञको सहजीकरणमा दीर्घकालिन सोच, नगर विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, संभावना तथा समस्या विश्लेषण, अग्रणी क्षेत्रहरु, योजनाको नतिजा तालिका, नगर विकासका प्रमुख तथा रणनीतिक कार्यहरुको मस्यौदा तयार गरिएको छ ।

### १.४.३ आधाररेखा सुचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमा कार्यमा सघाउने महत्वपूर्ण सूचनाको आधारको रुपमा रहेको नगरपालिकाको वस्तुगत विवरणको तयारी सम्पन्न भएको थियो । डिजिटल डाटा समाबेश गरिएको उक्त वस्तुगत विवरण तयारीका लागि विश्व खाद्य कार्यक्रमको सहयोग गरेको थियो । वस्तुगत विवरणमा नगरपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरण समावेश गरिएको छ । आवधिक योजना तर्जुमाको क्रममा प्रस्तुत गरिएको वस्तुगत विवरणमा प्राप्त सुझाव अनुसार थप उपयोगी हुने गरी तयार गरिएको छ । आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरी सरोकारवालाको नक्शाङ्कन, भूमिका तथा योगदानको लेखोजोखा समेत गरिएको थियो ।

### १.४.४ आवधिक योजना तर्जुमा गोष्ठी

आवधिक योजना तयारी कार्यशाला गोष्ठी तथा वडास्तरीय तथा लक्षित समूह परामर्श गोष्ठीबाट आएका सूचना तथा अपेक्षालाई विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिवद्ध गरी २०७५ साल भाद्र १ र २ गते योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरियो । नगरपालिकाको नेतृत्व तथा विषयगत समितिहरुका संयोजक, नगर विकासका सरोकारवालाको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न योजना तर्जुमा गोष्ठीमा नगर विकासको लक्ष्य, उदेश्य निर्धारण सहित नतिजा खाकामा ढाल्ने कार्य सम्पन्न गरियो ।

यस क्रममा सवै विषयक्षेत्रगत विकास अवधारणा, नतिजा खाका, कार्यनीति, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, आवश्यक श्रोत र अनुगमन तथा मूल्याङ्कन खाकामा सहमति गरिएको छ । यस चरणमा विगतका कार्यशालाहरुवाट प्राप्त उपलब्धी तथा सूचनाहरु समेतको सहयोग मार्फत योजना तर्जुमा भएको छ । नगरपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न नगरपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी ५ बर्ष अवधिको योजना प्रारम्भिक मस्यौदा तयार गरिएको थियो । योजनालाई बार्षिक योजना (बार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन, नजितामूलक अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरिएको थियो ।

### १.४.५ योजना दस्तावेज तयारी

आवधिक योजना तयारीका क्रममा विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवं निश्कर्षका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरियो । योजना दस्तावेज मुख्य चार परिच्छेदमा विभाजन गरिएको छ जसअनुसार परिचय, वस्तुस्थिति विश्लेषण, योजना अवधारणा तथा प्रारुप र कार्यान्वयन योजना रहेका छन् । सन्दर्भ सामग्रीको रुपमा विगतका योजना, साविकका गाविसहरुका आवधिक, एकीकृत तथा विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ । साथै योजनामा योजनाविद् तथा विषयविज्ञहरुको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा

आवधिक योजना दस्तावेज लेखन तथा दस्तावेज नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सवै विषय एवं प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवं वस्तुनिस्ठ ढंगबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ ।

### १.४.६ योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

नगरपालिकामा प्रस्तुत गरेको ढाँचा, सहभागितामूलक कार्यशाला तथा परामर्श, विषयविज्ञको सुझाव र परामर्शका आधारमा तयार गरेको योजनाको दस्तावेजलाई कार्यपालिका तथा नगर सभा, स्थानीय तहका सरोकारवाला माझ २०७५ साल असोज २ र ३ गते प्रमाणीकरण कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो । प्रमाणीकरण कार्यशालामा विषयगत रुपमा समूहगत छलफल र परामर्श गरी समूहको निश्कर्ष तथा सुझावलाई वृहत समूहमा प्रस्तुत तथा छलफल गरी योजना तयार गरियो । यसरी कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरि साँफेबगर नगरपालिकाको ५ वर्षे एकीकृत योजनाको दस्तावेज तयार गरियो । उक्त योजनालाई साँफेबगर नगरपालिकाको प्रथम आवधिक योजनाको रुपमा मिति २०७५ साल ....... गतेको नगरसभामा पेश तथा दफाबारे छलफल गरी स्वीकृत गरिएको छ ।

## १.५ सिमा

आवधिक योजना तर्जुमाको लागि संघिय मामिला तथा प्रशासन मंन्त्रालयबाट उपलब्ध स्थानीय तहको वस्तुगत विवरण तयारी कार्यविधिमा व्यवस्था भए बमोजिमका तथ्याङ्कहरु एवं सहभागितामूलक कार्यशाला तथा छलफलबाट उपलब्ध तथ्यहरुको आधारमा विश्लेषण गरिएको छ ।

नगरक्षेत्रभित्र क्रियाशील विकासका सरोकारवालाको परामर्श एवं सहभागितामूलक छलफल विधिद्वारा तर्जुमा गरिएको आवधिक नगर विकास योजना स्थानीय तहको पुनसंरचनापछिको पहिलो आवधिक संक्रमणकालिन/अन्तरिम योजना हो । प्रस्तुत योजना विगतको योजना तर्जुमाका अभ्यास तथा स्थानीय सरकार संचालन ऐन तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४ मा समेत आधारित छ । योजनालाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउन अधिकतम प्रयास गरिएको छ । नगरपालिकाको समग्र विकासमा स्थानीय तह, संघ तथा प्रदेश सरकारको साथै गैर सरकारी संघ/संस्था, सहकारी एवं स्थानीय समुदायमा संस्था र विकास साझेदारको सहयोगमा संभावित कार्यक्रमलाई पनि समाबेश गरिएको छ । नगरपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेशबाट प्राप्त हुने अन्तर सरकारी वित्तिय हस्तान्तरण तथा अन्य स्रोतबाट गरिने कार्यक्रमहरु आवधिक योजनासंग हरेक वर्ष तादाम्यता हुनु पर्नेछ । आबधिक योजना तर्जुमा गर्दा अन्तरनिकाय योजनाको विचमा अन्तरसम्बन्ध कायम गर्ने समेत अधिकतम प्रयास गरिएको छ ।

# परिच्छेद २
# वस्तुस्थिति विश्लेषण

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

स्थानीय तह पुनसंरचनाका क्रममा साविक साँफेबगर नगरपालिका सहित साविकका बुढाकोट, धुधुरकोट, देवीस्थान, खप्तड, बाब्ला र पातलकोट गाविसहरुलाई मिलाई यस नगरपालिकाको गठन गरिएको हो । प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता बोकेको यस नगरपालिकाको पूर्वमा बान्नीगढी जयगढ गाउँपालिका र मेल्लेख गाउँपालिका, पश्चिममा चौरपाटी गाउँपालिका र दक्षिणमा मंगलसेन नगरपालिका र उत्तरमा बाजुरा जिल्लासँग सिमाना जोडिएको यस नगरपालिकाले  जिल्लाको कुल क्षेत्रफलको ९.८५ प्रतिशत भुभाग ओगटेको छ ।

सामुन्द्रिक सतहबाट करिव ५५० मिटर देखि ३३०० मिटर उचाईमा अवस्थित यस नगरपालिकाको भौगोलिक अवस्थितिका हिसाबले २९ डिग्री  ५ मिनेट ४० सेकेण्ड देखि २९ डिग्री १६ मिनेट ४१ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ५३ मिनेट ४० सेकेण्ड देखि ८२ डिग्री ३ मिनेट ५१ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । अछाम जिल्लाको जिल्ला सदरमुकाम मंगलसेन देखि करीब ३७ किमीको दुरीमा उत्तर पश्चिम भागमा यस नगरपालिकाको वडागत क्षेत्रफल सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १: वडा अनुसार नगरपालिकाको क्षेत्रफल**

| वडा नं. | समावेश साविक गाविस | क्षेत्रफल (बर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | साँफेबगर वडा नं. १ | ५.५ | ३.३० |
| २ | साँफेबगर वडा नं. २-३ | ७.८६ | ४.७२ |
| ३ | साँफेबगर वडा नं. ४-५ | ९.३५ | ५.६१ |
| ४ | साँफेबगर वडा नं. ६-७ | ८.७७ | ५.२६ |
| ५ | साँफेबगर वडा नं. ८ | ४.८५ | २.९१ |
| ६ | साँफेबगर वडा नं. ९ | ३.६६ | २.२० |
| ७ | साँफेबगर वडा नं. १० | ७.६५ | ४.५९ |
| ८ | साँफेबगर वडा नं. ११-१२ | १४.४१ | ८.६४ |
| ९ | बुढाकोट वडा नं. १-९ | २३.६७ | १४.२० |
| १० | घुघुरकोट वडा नं. (१-९) | १२.७२ | ७.६३ |
| ११ | देवीस्थान वडा नं. (१-९) | २१.८ | १३.०८ |
| १२ | खप्तड वडा नं. (१-९) | १७ | १०.२० |
| १३ | वाब्ला वडा नं. (१-९) | १७.९ | १०.७४ |
| १४ | पातलकोट वडा नं. (१-९) | ११.५९ | ६.९५ |
| **जम्मा** | | **१६६.७३** | **१००** |

*श्रोत: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७४*

मध्य पहाडी क्षेत्रको उच्च पहाडी जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलिय स्वरुपका हिसाबले उच्च पहाडी उपत्यका भित्रको समथर क्षेत्र रहेकोछ । तथापि, होचा तथा अग्ला पहाडी श्रृंखलाका काखमा रहेको समथर भुवनोटका कारण भएको यस नगरपालिकामा विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ । यस क्षेत्रमा मुख्यतया नदि तटिय क्षेत्र साँफेबगर लगायतका स्थानहरुमा समथर भुभाग रहेको छ । नगरपालिकाको माथिल्लो क्षेत्रमा चट्टानी भूभाग, पाटन तथा वनजंगल रहेको देख्न सकिन्छ ।

प्राकृतिक श्रोतका हिसावले सम्पन्न साँफेबगर नगरपालिकामा खप्तड राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, एक दर्जन भन्दा बढी साना ठूला नदी तथा खोलाहरु, वालुला लगायतका नदिजन्य खनिज, चरण क्षेत्र जस्ता रहेका छन् । खप्तड राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रले वडा नं. १४ पातलकोट,  वडा नं. ९ बुढाकोट, वडा नं. ११ देवीस्थान र वडा नं. १२ खप्तड क्षेत्रको महत्वपूर्ण भूभागलाई समेटेको छ । जलश्रोतका दृष्टिले बुढीगंगा नदी, आउदवाला (तालरवा) गाड, जिज्याडी गाड, प्रभाली (सैनी) गाड, छिप्या खोला लगायत सीमानामा बहने कैलाश खोला, लुङ्ग्याली गाड, इकडी गाड र विम्कोटी खोला रहेका छन् । नगरको वार्ड १३ मा सुकदह नाम ताल रहेको छ । यसका अतिरिक्त नगरको खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रमा थुप्रै ताल तथा सिमसार क्षेत्र रहेका छन् । लोपोन्मुख प्रजातीको नौंमुठे गाई तथा डाँफे, मुनाल, घोरल, चितुवा, कस्तुरी, रतुवा, देवदार, सल्लो जस्ता वनजन्य वनस्पति पाइने गर्दछ । जंगल क्षेत्रमा पाइने प्रमुख जडिबुटीका रुपमा पाखनबेद, सतुवा, पाँच औले आदि रहेका छन् । जंगल क्षेत्रमा पाइने प्रमुख जडिबुटीका रुपमा पाखनबेद, सतुवा, पाँच औले आदि रहेका छन् । रानीसैन तथा बाहुल ढुंगा (मालिका मन्दिर) क्षेत्र, हाडासैन माडी (सिद्धधुनी) प्रभा, ओखीकोट भगवती मन्दिर, पातलकोट, भृगु गुफा, भृगु झरना, कालिका मन्दिर देवीस्थान, धौल छडो भेरासैन खप्तड, जल्पादेवी मन्दिर श्रीकोट, वैद्यनाथ धाम आदि महत्वपूर्ण पर्यटकीय क्षेत्र हुन् ।

**तालिका २ः भूमीको प्रकार अनुसारको क्षेत्रफल**

| जमिनको प्रकार | क्षेत्रफल (बर्ग किमि) | प्रतिशत |
|---|---|---|
| खेती गरिएको जमीन | ६९.६२ | ४१.९९ |
| बाँझो जमिन | ०.१७ | ०.१० |
| घाँसे भुमि | ४.७७ | २.८८ |
| वन क्षेत्र | ६१.३२ | ३६.९८ |
| झाडी बुट्यान | २४.७६ | १४.९३ |
| जल क्षेत्र | ०.८६ | ०.५२ |
| बलौटे जमिन | ४.२९ | २.५९ |
| भिर/चट्टान | ०.०२ | ०.०१ |
| **जम्मा** | **१६५.८१** | **१००** |

*श्रोतः LRMP 1996, नापी विभाग*

## २.२ विकासका लागि विगतका प्रयास र उपलब्धि

नेपालको संविधान २०७२ अनुसार नयाँ संरचना अनुसार २०७३ फाल्गुणमा स्थानीय तह लागू भए पश्चात् सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरु बहाल रहेका छन् । विगतका संक्रमणकालीन समयमा प्रभावकारी रुपमा आवधिक तथा नतिजामुखी नगर विकास योजनाहरुको अभावमा रहेको अवस्था एकातिर रहेको थियो भने अर्कोतिर वार्षिक योजनाहरुको समेत  नतिजामुलक अनुगमन मुल्यांकन गरी उपलब्धिको व्यवस्थित अभिलेखनको कार्य समेत आरम्भ भैनसकेको अवस्था रहेको पाईन्छ । यद्यपी विकासका लागि भएका प्रयत्न र त्यसबाट भएका उपलब्धि अनुमान गर्न सकिन्छ ।

## २.३ विषय क्षेत्रगत अवस्था विश्लेषण

यस खण्डमा नगरपालिकाको समग्र विषयक्षेत्रगत अवस्थामा छलफल गरिएको छ । प्रमुख पाँच विषयक्षेत्रहरूः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकासबारे

सम्भावना तथा अवसर, समस्या तथा चुनौती र समाधानका उपाय तथा उपयोगका रणनीतिहरू छोटकरी देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### २.३.१ आर्थिक विकास :

यस नगरपालिकामा मुख्यत: परम्परागत खेतीतर्फ धान, गहुँ, मकै, भटमास खेती, आलु तथा मौसमी तरकारी खेती, आर्थिक विकासको प्रमुख साधनको रुपमा रहेको छ । आर्थिक विकास संभावनाका क्षेत्रहरु प्रचुर भएपनि आवश्यक व्यवसायिक ज्ञान तथा सूचनाको कमी, उन्नत मल विउको उपलव्धता, कर्जामा पहुँच कम, वजारउन्मुख खेती प्रणाली नहुनु मुख्य चुनौतीको रुपमा रहेको छ । नगरवासीको प्रमुख पेशा कृषि भएतापनि अधिकांश कृषकहरू परम्परागत तौरतरिकामा नै सिमित रहेको हुँदा व्यवसायिक खेती प्रणालीको विकास हुन सकेको छैन ।

अधिकांश भूभागमा सिंचाई सुविधा पुगेको, जिल्ला सदरमुकाम अत्यन्त निकट रहेको एवं वाजुरा जिल्लाको प्रवेश मार्गका रुपमा रहेको कारणले कृषि एवं पशुपालनमा व्यवसायिक प्रणाली अपनाउन सकिने एवं व्यवसायिकतामा जोड दिन सकिने सम्भावना प्रसस्त रहेको छ ।

यस नगरपालिका क्षेत्रमा धार्मिक पर्यटकीय महत्वको दृष्टिकोणले खप्तड, बैद्यनाथधाम, प्राकृतिक जैविक विविधता, नदी, ताल तलैया, झरना, सिमसार क्षेत्र, ट्रेकिङ्ग गर्न मिल्ने प्रसस्त ठाँउहरु, रैथाने चाडपर्व, चालचलन तथा संस्कृतिहरु एवं पर्यटन पूर्वाधार सुधारोन्मुख रहनुले यस क्षेत्रको विकासको संभावना प्रसस्त देखिन्छ ।

यस नगरपालिकाको कृषि तथा पशु विकास, पर्यटन विकास र विस्तार, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, बैंक तथा वित्तिय सेवा सुविधा लगागत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको संभावना, समस्या तथा विकासका लागि अबलम्बन गर्नु रणनीति तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ३: आर्थिक विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था)

**क. कृषि विकास:**

नगरपालिका क्षेत्रमा प्रसस्त खेतीयोग्य जमीन भएको रहेको, भौगोलिक हिसावले विविधतायुक्त एवं व्यवसायिक तरकारी एवं फलफूल खेतीको संभावना रहेको छ । व्यवसायिकतातर्फ कृषकहरुको संलग्नता बढिरहेको संदर्भमा आवश्यक जनशक्तिको विकास, वजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्नेजस्ता कार्य गर्ने सकिने संभावना रहेको देखिन्छ । कृषि विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - प्रसस्त खेती योग्य जमिन भएको<br>- भौगोलिक विविधता (लेक, वेसी)<br>- व्यवसायिक तरकारी तथा फलफूल खेती सम्भावना<br>- ८० प्रतिशित जनसंख्या कृषिमा संलग्न<br>- आलुको विउको लागि रस्टिक स्टोर निर्माणाधिन<br>- स्याउ उत्पादनको परिक्षण भइसकेको | - सडक पूर्वाधारको अभाव<br>- उन्नतजातको विउविजन तथा मलको अभाव<br>- व्यवस्थित बजारको अभाव<br>- कृषकलाई तालिमको अभाव<br>- माटो परिक्षणको अभाव | - उत्पादित वस्तुलाई बजारसम्म पुर्‍याउने सडकको निर्माण गर्ने<br>- सहकारी र समुह मार्फत विउविजन उत्पादन तथा वितरण गर्ने<br>- गोठेमल उत्पादनमा अनुदान तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने<br>- कृषि उपज वितरण केन्द, कोल्डस्टोर स्थापना, बजार सञ्जालको स्थापना गर्ने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - कोल्ड स्टोर निर्माणको प्रक्रियामा रहेको<br>- कृषि समुहहरुको गठन<br>- व्यवसायिक कृषि कार्यमा कृषकहरुको बढ्दो संलग्नता<br>- खाद्यान्न तथा तरकारी विउ विउज उत्पादन सम्भावना<br>- केही मात्रामा दक्ष कृषि जनशक्तिको उपलब्धता<br>- तालिम प्राप्त अगुवा कृषक<br>- आलु पकेट क्षेत्र<br>- जाई चिया, चिराइतोको उपलब्धता<br>- भटमास र कोदोको प्रसस्त उत्पादन<br>- प्रसस्त खोला नाला तथा पानीका मुल<br>- व्यवसायिक कृषि फार्मको सञ्चालन<br>- कृषि उपकरणहरुको प्रयोगको शुरुवात<br>- च्याउ र मह उत्पादन | - आवश्यक मात्रामा कृषि विज्ञ, प्राविधिको अभाव<br>- आधुनिक प्रविधिको प्रयोगको कमी<br>- व्यसायीकरण हुन नसकेको<br>- जनशक्तिको अभाव<br>- जंगली जनावरले क्षति गर्ने गरेको<br>- कृषि विमा सम्वन्धि जानकारी नभएको<br>- परम्परागत कृषि प्रणाली<br>- जग्गा बाझो रहेको<br>- रोग, किराहरुको समस्या | - कृषकलाई आवश्यक मात्रामा अनुदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने<br>- आधुनिक कृषि प्रविधिबारे तालिम सञ्चालन गर्ने<br>- माटो परिक्षण शिविर तथा प्रयोगशाला सञ्चालन गर्ने<br>- एक वडा एक कृषि प्राविधिको व्यवस्था गर्ने<br>- आधुनिक प्रविधिको प्रयोगमा प्रोत्साहन दिने<br>- युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गर्ने<br>- बालि विमाको व्यवस्था गर्ने<br>- रोगकीरा तथा प्रकोप नियन्त्रण तथा रोकथामको लागि पहल गर्ने<br>- कृषि विमालाई प्रभावकारी बनाउन जनचेतना अभिवृद्धि कार्यक्रम गर्ने<br>- बाझो जग्गामा व्यवसायिक खेती गर्न प्रोत्साहित गर्ने<br>- बाली संरक्षण प्रयोगशाला र वाली उपचार शिविर सञ्चालन गर्ने |

## ख. सिंचाई

सिंचाई पूर्वाधारहरुको विकासका निमित्त नगरपालिका क्षेत्रमा प्रसस्त नदिनालाहरु रहेको, आंशिक सिंचाई कूलो तथा नहरहरुको निर्माण भएको, केही पोखरीहरु पनि निर्माण भएको भएतापनि आवश्यक मात्रामा  खेतीयोग्य जमीनमा सिंचाई पर्याप्त हुन नसकेको देखिन्छ । सिंचाई पूर्वाधार तथा आयोजना संचालनको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - प्रसस्त नदीनालाहरुको उपलब्धता<br>- सिंचाइको उपलब्धता<br>- आधुनिक नहरको निर्माण<br>- प्रसस्त मात्रामा परम्परागत कुलोहरुको उपलब्धता<br>- बोरिङ्गबाट सिंचाइ गर्न सकिने<br>- लिफ्ट सिस्टमबाट सिंचाइको सम्भावना<br>- आकासे पानी संकलन गरी सिंचाइ गर्न सकिने ।<br>- सिंचाइ पोखरीको उपलब्धता | - सिंचाइको लागि पूर्वाधारको अभाव<br>- परम्परागत कुलो बारम्बार मर्मत गर्नु पर्ने झन्झट<br>- प्रसस्त मात्रामा नहरको अभाव<br>- आकाशे पानी संकलनको व्यवस्था नभएको ।<br>- पानी संकलन गर्ने पोखरी आवश्यक मात्रामा निर्माण नभएको | - पोखरी, नहर, कुलोहरु निर्माण तथा मर्मत गर्न आवश्यक मर्मत कोष स्थापना गर्ने<br>- उपभोक्ता समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन<br>- सिंचाई सुविधाबाट वञ्चित क्षेत्रमा बोरिङ्ग, आकासे पानी संकलन, लिफ्ट सिस्टमको सम्भाव्यता हेरी निर्माण गर्ने |

## ग. पशु विकास

पशु विकासका लागि नगरपालिका क्षेत्रमा पर्याप्त चरण क्षेत्रको विकास गर्न सकिने, पशुजन्य उत्पादनको वजारको प्रचुर सम्भावना रहेको भएतापनि उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ। पशु विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - बन जंगल र चरन क्षेत्र प्रसस्त भएको<br>- ३ वटा पशु सेवा केन्द्र भएको<br>- १ वटा पशुहाट बजार र १ वटा पशु संकलन केन्द्र<br>- २ वटा व्यवसायिक डेरी पसल सञ्चालनमा<br>- ३ वटा व्यवसायी गाई भैसी फर्म<br>- ६ वटा व्यवसायी बाखा पालन फर्म<br>- १ वटा लेयर्स उत्पादन ह्याचरी<br>- औषधी तथा दाना व्यवस्थापनाको लागि ३ वटा एग्रोभेट सञ्चालन<br>- पशुजन्य उत्पादन विक्रि वितरणको लागि बजार पर्याप्त रहेको ।<br>- कृषि जन्य उत्पादनको लागि आवश्यक मलखादको व्यवस्थापन गर्न सकिने ।<br>- विश्वकै सानो अछामी नौमुठे गाई यसै नगरपालिकामा रहेको | - व्यवसीयिकरण हुन नसकेको<br>- लगानीको अभाव<br>- उचित कृषि ऋणको अभाव<br>- परम्परागत सोच<br>- आधुनिक प्रविधि र ज्ञानसिपको अभाव<br>- दक्ष प्राविधिकको अभाव<br>- पशुधनको सुरक्षामा ग्यारेन्टी नहुनु<br>- पशुपन्क्षी पालनमा जनशक्ति नहुनु<br>- गोठेमल व्यवस्थापन नहुनु<br>- दुध चिस्यान केन्द्र तथा संकलन केन्द्र नभएको<br>- उन्नत नश्लको पशुहरुको विकास नहुनु<br>- अछामी नौमुठे गाईको संरक्षण नभएको<br>- पशुजन्य उत्पादनको बजारीकरण कमी<br>- पशुवधस्थल नहुनु<br>- कृत्रिम गर्भाधानको अभाव | - व्यवसायिक पशुपालनको लागि प्रोत्साहन गर्ने<br>- व्यवसायी बन्न चाहने तर लगानीका अभाव भएका कृषकलाई व्यवसाय सुहाउदो कार्यक्रम बनाई अनुदानको व्यवस्था मिलाउने<br>- तालिम, गोष्ठी, भ्रमणको माध्यमबाट आधुनिक प्रविधि तथा ज्ञान शिप प्रदान गर्ने<br>- प्रत्येक वडामा एक जना पशु प्राविधिक र नगरमा पशु अस्पताल तथा ल्यावको स्थापना गरी कार्य सञ्चालन गर्ने<br>- पशुधनको सुरक्षाको लागि पशु विमा कार्यक्रममा कृषको सहभागिता बढाउने ।<br>- युवामैत्री कार्यक्रम बनाई विशेष अनुदानको व्यवस्था गरी युवा जनशक्तिलाई व्यवसायिक पशुपालनमा सहभागी गराउने<br>- भकारो सुधार तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरी गोठेमल व्यवस्थापन गर्ने<br>- दुग्ध चिस्यान केन्द्र तथा संकलन केन्द्रको स्थापना पहल गर्ने<br>- अछामी नौमुठे गाईको संरक्षण, संवर्द्धनको लागि कार्यक्रम सञ्चालन गर्ने<br>- पशुहाट बजार र संकलन केन्द्रलाई नियमित सञ्चालनको लागि पहल गर्ने<br>- पशुवधशालाको निर्माण गरी स्वच्छ मासु उपभोगमा पहुँच कायम गर्ने<br>- पशु प्रजनन केन्द्र नेपालगञ्ज बाँकेसँग समन्य गरी कृतिम गर्भाधान सुचारु गर्ने<br>- उन्नत जातको पशु नश्ल सुधारको लागि शत प्रतिशतको उन्नत रागा, साढे, बोका वितरण गरी स्रोत केन्द्र स्थापना गर्ने |

## घ. उद्योग, व्यापार व्यवसाय

नमुना शहरको रुपमा छनौट भएको यस नगरपालिकाको मुख्य वजार प्रमुख व्यापारिक केन्द्र बन्दै गरेको अवस्था एकातिर रहेको छ भने स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी संचालन गर्न सकिने संभावना रहेको देखिन्छ । निर्यातमुखी उद्योगको अभाव, बजार सञ्जाल विस्तार हुन नसक्नु, दक्ष जनशक्तिको अभावजस्ता समस्या देखिएतापनि उपलब्ध सम्भावना तथा अवसरहरुको उपयोग गर्न सकिने सम्भावना रहेको छ । उद्योग, व्यापार तथा व्यवसाय विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - २ वटा मुख्य तथा ४ वटा साना बजार भएकोले सहरीकरण तर्फ उन्मुख<br>- साना साना उद्योग स्थापना तर्फ उन्मुख जस्तैः कागज उत्पादन, ढाका, चाउमिन, पाउरोटी<br>- बुढीगंगा जलविद्युत आयोजना निर्माधिन<br>- नमुना शहरको रुपमा छनौट | - ठूला उद्योग सञ्चालनमा नरहेको<br>- शहरी विकासको कार्यलयले द्रुत गतिमा कार्य गर्न नसकेको<br>- खानेपानी, विद्युतको अभाव इन्टरनेट सेवा द्रुत गतिमा नभएको | - ठूला, मझौला तथा साना उद्योगको सम्भाव्यता हेरी सञ्चालनमा सहजीकरण गर्ने<br>- उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनको लागि जोड दिने<br>- दक्ष जनशक्ति उत्पादन जोड दिने<br>- लगानीको लागि सहुयिलत दरमा ऋण उपलब्धको लागि समन्वय तथा प्रोत्साहन |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - सेती लोकमार्ग, मध्यपहाडी लोकमार्गको विस्तार<br>- प्रमुख व्यापारिक केन्द्र बन्दै गरेको<br>- आलुजन्य पदार्थबाट उद्योग स्थापना गर्न सकिने<br>- अचार उद्योगको सम्भावना<br>- अल्लो, बरु, भिमलबाट धागो उत्पादन गर्न सकिने | - सहाय सडकको स्तरोन्नती नभएको<br>- बजार सञ्जाल विस्तार हुन नसकेको<br>- निर्यातमुखी उद्योगको अभाव<br>- दक्ष प्राविधिकको अभाव<br>- युवाहरु अन्यत्र पलायन भइरेको | - युवालाई उद्योग स्थापनमा सहजीकरण तथा प्रोत्साहन गर्ने |

## ङ. पर्यटन

खप्तड, बैद्यनाथधाम, त्रिवेणीधाम लगायत धार्मिक एवं पर्यटकीय स्थल रहेको यस नगरपालिका क्षेत्रमा पर्यटन क्षेत्रको विकासको सम्भावना रहेको देखिन्छ । यस क्षेत्रमा उपलब्ध सम्भावना तथा अवसरहरुको उपयोग गर्न सकिने सम्भावना, विद्यमान समस्या तथा चुनौति एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - खप्तड, बैद्यनाथधाम<br>- प्राकृतिक जैविक विवधता<br>- नदी, ताल तलैया, झरना सिमसार क्षेत्र<br>- टेकिङ्ग गर्न मिल्ने प्रसस्त ठाँउहरु<br>- धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरु<br>- रैथाने चाडपर्व, चालचलन तथा संस्कृतिहरु<br>- संघिय संरचना<br>- पर्यटन पूर्वाधार सुधारोन्मुख (बैंक, होटल, एयरपोर्ट, सञ्चार, मिडीया)<br>- सडक विस्तार (सेती लोकमार्ग, मध्यपहाडी लोकमार्ग)<br>- मध्यम बर्गको आम्दानीमा बृद्धि<br>- घुमफेर गर्ने संस्कारमा बृद्धि<br>- सामाजिक मिडियाको प्रयोगमा वृद्धि<br>- साहसीक, जल, खेलकुद, कृषि, खोज, शैक्षिक, स्वास्थ्य पर्यटनको सम्भावना<br>- स्थानीय अदितिय खानाका परिकारहरु<br>- साँफेबगर विमानस्थलको स्तरोन्नती<br>- पर्यटन सूचना केन्द्र स्थापना | - पर्यटकीय सम्भावना भएका क्षेत्रमा घनिभुत रुपमा प्रचारको कार्यक्रमको अभाव<br>- स्थानीयवासी पर्यटन गतिविधिमा संलग्न नरहेको<br>- पर्यटन सम्बन्धि काम गर्ने सरकारी तथा गैरसरकारी निकायको अभाव<br>- सरोकारवाला निकायको अवरोध जस्तैः निकुञ्ज, बन उपभोक्ता समितिहरु<br>- पर्यटन पूर्वाधारको अभाव<br>- पहिचान भएका समस्या समाधान गरिदिने निकायको अभाव<br>- अछाम जिल्लामा पर्यटन विज्ञको अभाव<br>- इन्टरनेटको अभाव<br>- पर्यटन क्षेत्रमा अपर्याप्त जनशक्ति<br>- पर्यटकीय क्षेत्र पहिचानको अभाव<br>- पहिचान भएको पर्यटन क्षेत्रको प्रचार तथा व्यवस्थापनको अभाव<br>- पर्यटन सम्बन्धि योजनाको अभाव<br>- पर्यटन क्षेत्रमा निजी क्षेत्र संलग्न नभएको<br>- स्थानीयस्तरमा पर्यटन गुरु योजनाको अभाव<br>- पर्यटनको विकास गर्ने मोडेलको अभाव<br>- पर्यटकले बसोबास गर्ने ठाउँको अभाव<br>- एयरपोर्ट सञ्चालन नभएको | - पर्यटकीय क्षेत्रमा पर्यटनका पूर्वाधार ( खानेपानी, विश्रामस्थल, संकेत बोर्ड, सडक, पैदल मार्ग) निर्माण गर्ने<br>- नगरभित्र रहेका पर्यटकीय सम्भावित क्षेत्रको खोजी, अनुसन्धान, विवरण संकलन गर्ने<br>- नासिनेक्रममा रहेका अछामी वस्तुहरु संकलन गरी संग्राहलयको स्थापना<br>- पर्यटन सम्बन्धि चेतना फैलाउने घनिभुत कार्यक्रमहरुको सञ्चालन गर्ने<br>- पर्यटकीय गाउँहरुमा होमस्टे, कुक, अतिथि सत्कार, गाइड, भरिया तालिम सञ्चालन गर्ने<br>- पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्ने<br>- ताल, तलैया, धार्मिक, प्राकृतिक स्थलको संरक्षण तथा जिर्णोद्धार गर्ने<br>- आवश्यक नीति नियमको निर्माण गर्ने<br>- निजी क्षेत्र तथा स्थानीयवासीलाई पर्यटनमा संलग्न गराउने सहजीकरणका कार्यक्रम गर्ने<br>- साँफेबगर विमानस्थल सञ्चालन गर्ने<br>- लोपोन्मुख संस्कृति संरक्षणको लागि कार्यक्रम सञ्चालन गर्ने<br>- पर्यटन तथा होटल क्षेत्रमा लगानी गर्ने चाहने व्यवसायीलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्ने<br>- सेतीलोक मार्गको नाम परिवर्तन गरी कैलाश मानसरोबर पर्यटकीय मार्ग कायम गर्ने |

### च. बैंक, वित्तीय तथा सहकारी

बैंक, वित्तिय सुविधा तथा सहकारीहरुको अवस्था विश्लेषण गर्दा उपलब्ध सम्भावना तथा अवसरहरुको उपयोग गर्न सकिने सम्भावना, विद्यमान समस्या तथा चुनौति एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - ४२ सहकारी संस्था रहेको<br>- ५ वटा बैंक तथा ७ वटा लघुवित्त रहेको<br>- सुलभ र सहज तरिकाबाट ऋण उपलब्ध (सहकारी)<br>- आंशिक रुपमा व्यावसायिक कार्यमा ऋणको उपयोग<br>- वित्तिय सुविधा गाउँस्तरसम्म विस्तार गर्न सकिने<br>- सहकारी ऐन पारित<br>- नगरपालिकास्तर इकाइ गठन गर्न सकिने<br>- सामुदायिक संस्थाहरुमा ठूलो पूँजी कोषको रुपमा रहनु | - अनुउत्पादन क्षेत्रमा लगानी<br>- ऋण लगानीमा समस्या<br>- व्यवसायिक कार्यमा ऋणको उपयोग हुन नसक्नु<br>- पूर्ण रुपमा व्यवसायिक सोच हुन नसक्नु<br>- वित्तिय संस्थाबाट सजिलै र सस्तो व्याजदरमा ऋण उपलब्ध नहुनु (बैंक)<br>- लघुवित्त कर्जामा सरल एवं सहज किस्ता तालिका हुन नसकेको<br>- तोकिए अनुसारको क्षेत्रमा कृषि, पशु क्षेत्रमा वित्तिय संस्थाहरुले लगानी गर्न नसकेको | - वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गर्ने<br>- स्थानीय कच्चा पदार्थ उत्पादनमा बैंकलाई लगानीको प्रोत्साहन गर्ने<br>- लगानीमैत्री वातावरणका लागि सहजीकरण गर्ने<br>- सामुदायिक संस्थामा रहेको पूँजी परिचालन गर्न सहजीकरण गर्ने<br>- सहकारी सचेतना कार्यक्रम सञ्चालन गर्ने |

## २.३.२ सामाजिक विकास

यस क्षेत्रको योजनामा शिक्षा, स्वास्थ्य, कला, संस्कृति, लक्षित वर्ग, लैंगिकता, खानेपानी, सरसफाई जस्ता सामाजिक विषय शिर्षकहरुमा विश्लेषण गरी संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ४: सामाजिक विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था)

### क. शिक्षा तथा मानव संसाधन

नगरपालिका क्षेत्रको शैक्षिक क्षेत्रको अवस्था विश्लेषण गर्दा विद्यालय एवं क्याम्पस, अध्ययनरत विद्यार्थीको संख्या तथा स्तर, शिक्षक विवरण र भौतिक संरचनाहरुको अवस्था, स्तर वृद्धिको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| **विद्यालय/क्याम्पसको संख्या**<br>• आधारभूत विद्यालय (प्रा.वि. संख्या ५६, निमावि ३)<br>• मा.वि. संख्या १६<br>• मदरसा १<br>• गुरुकुल १<br>• क्याम्पस २<br>• प्राविधिक धार ५ (महेन्द्र मावि बयलपाटामा १८ महिने सव ओभरसियर र बेतालमाण्डौंमा.वि.मा १८ महिने पशु विज्ञान, जनकल्याणमा | - क्याम्पस तहमा प्राविधिक शिक्षाको अभाव<br>- न्यून विद्यार्थी संख्या<br>- नियमित आर्थिक स्रोतको अभाव<br>- भौतिक पुर्वाधारहरुको अभाव<br>- वैज्ञानिक शिक्षा प्रणालीको वातावरण नभएको<br>- प्रविधिक रुपमा सम्पन्न नभएको<br>- विद्यार्थीहरु नियमित क्याम्पस नआउने<br>- भौगोलिक विकटता तथा यातायात, सडक पुर्वाधारको अभावले समस्या<br>- माग भए अनुरुप स्नातकोत्तर तहको कक्षा सञ्चालन हुन नसकेको | - क्याम्पस तहमा प्राविधिक शिक्षाको व्यवस्था गर्ने (जस्तै: कृषि, सिभिल, कम्प्यूटर आदि)<br>- अभिभावक आफ्ना विद्यार्थीहरुलाई स्थानी क्याम्पसमा पढ्न प्रेरीत गर्ने साथै क्याम्पस सञ्चालनका सरोकारवाला निकायहरुले क्याम्पस शिक्षाको पूर्ण विकासमा क्षमतायूक्त तथा दक्ष शैक्षिक वातावरण निर्माण गर्ने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| मावि सिभिल इन्जिनियरीङ् डिप्लोमा तह, सूर्यचन्द्र र प्रभाधम्कोट मावि ९ देखि १२ कक्षा वाली विज्ञान)<br>● प्राविधिक धारका लागि सुदुरलक्षित सामुदायिक प्राविधिक शिक्षालयमा भौतिक पूर्वाधार निर्माणाधिन अवस्थामा रहेको)<br>● सूर्यचन्द्र मावि नमूना माविका रुपमा रहेको<br>**विद्यार्थी संख्याः तहगत**<br>तह छात्रा छात्र दलित (छात्रा) दलित (छात्र)<br>प्रा.वि. ४२६९ ४४२८ १२०७ ११३४<br>नि.मा.वि १८९४ १६८१ ४९६ ४३९<br>मा.वि. १२२३ ११४६ २४२ २४६<br>कूल विद्यार्थी संख्याः १८६८६ (मदरसा र गुरुकुल बाहेक)<br><br>**शिक्षक संख्याः विद्यालय**<br>तह स्थायी अस्थाई राहत<br>आधारभूत (प्रा.वि.) ९५ ३८ ६९<br>आधारभूत (निमावि) २० १३ १०<br>मा.वि. १६ २२ ३७<br>प्रशिक्षक तथा सहायक प्रशिक्षक १२<br>व्यवस्थापक २<br>कुल शिक्षक संख्या **३३४**<br>कर्मचारी सहायक १४<br>कार्यालय सहयोगी ७०<br>सामुदायिक अध्ययन के. ६<br>वाल शिक्षा शिक्षक ७८ जना<br><br>**भौतिक संरचना**<br>कुल भवन संख्या २२८, कोठा संख्या ६२८, शौचालय १५०, फर्निचर १४९२ सेट, पुस्तकालय १४, विज्ञान प्रयोगशाला १४, प्राविधिक प्रयोगशाला २<br>**क्याम्पसतर्फ शिक्षकः**<br>स्थायी (१२), अस्थाई (११), करार (९ त्रिपुरा)<br>कर्मचारी २ स्थायी र ३ जना करार<br>कुल विद्यार्थी संख्या ३०० (स्नातक तह)<br>क्याम्पस संख्याः २<br>- त्रि.वि.वि.बाट सम्बन्धन प्राप्त त्रिपुरा सुन्दरी क्याम्पस (सामुदायिक क्याम्पस) श्रीकोट, अछाम<br>- सुदुर पश्चिम विश्वविद्यालयको आंगिक जनता बहुमुखी क्याम्पस, बयालपाटा | - पुस्तकालयको अवस्था पर्याप्त नभएको<br>- विद्यालय बाहिर रहेका बालवालिका संख्या ९५<br>- दक्ष तथा निपुण शिक्षक तयार पार्नलाई विभिन्न उपयोगी शैक्षिक तालिमहरुको अभाव<br>- विद्यार्थीहरुमा पठनपाठन तथा सिर्जनात्मक गतिविधिहरुमा रुचि कम<br>- क्याम्पस सञ्चालक समितिको भूमिका उपलब्धिमुलक नभएको<br>- नियमीत शैक्षिक भ्रमण हुन नसक्ने<br>- ई-लाईब्रेरीको व्यवस्था नभएको<br>- इ.सि.डि.कक्षा कोठा व्यवस्थापन तथा शैक्षिक सामग्रीको कमी साथै मापदण्ड अनुरुप ई.सि.डि. पूर्ण रुपमा सञ्चालन हुन नसक्नु<br>- ई.सि.डि सञ्चालनमा दक्ष जनशक्तिको अभाव हुनु<br>- शिक्षकहरुका दरबन्दिहरुको समायोजन हुन नसक्नु र थप दरबन्दीको सृजना हुन नसक्नु<br>- विद्यालयमा अविभावकबाट आर्थिक सहयोग लिनुपर्ने अवस्था<br>- विद्यालय भवन, मर्मत तथा पुनर्निमाणमा लगानिको अभाव<br>- शिक्षामा जिवन उपयोगी तथा शिपमुलक शिक्षालाई<br>- स्थानीय परिवेश अनुसार पाठ्यक्रम विकास गरी लागु गर्न नसकिएको<br>- विद्यालयका वरिपरि असामाजिक गतिविधिहरु जस्तै पसलहरुमा धुम्रपान, मध्यपान, जुवातास लगायतका गतिविधि सञ्चालन भईरहेकोले समस्या<br>- विद्यालय क्षेत्रमा पर्ने सडकहरुमा ट्राफिक व्यवस्थापनमा सुचनायुक्त जानकारी तथा यातायातलाई नियन्त्रण गर्न नसकिएको अवस्था ।<br>- स्थानीय अभिभावकको शिक्षा क्षेत्रमा खर्च गर्ने बानिको विकास नहुनु<br>- अभिभावकहरु आफ्ना बालबालिकाहरुको शिक्षामा जागरुक बनाउने काममा सहयोग नगर्नु<br>- विद्यालय व्यवस्थापनमा अभिभावकहरुलाई पूर्ण रुपमा प्रयोग गर्न नसक्नु ( वि.व्य.स. ⁄शि.अ.संघ)<br>- वि.व्य.स. ⁄शि.अ.संघहरुले विद्यालय विकासमा आवश्यकता अनुसार समय दिन नसक्नु<br>- कतिपय विद्यालयहरु बालमैत्री अवस्थामा नभएको<br>- शिक्षकको रुपमा नयाँ दक्ष जनशत्तिले प्रवेश पाउने वातावरण सृजना नहुनु<br>- शिक्षकहरुले जिम्मेवारी पूर्वक आफुले सिकेका ज्ञान कक्षामा प्रयोग गर्न नसक्नु | - समय सापेक्षित, वैज्ञानिक विधिको प्रयोग गरी पठनपाठन गर्ने व्यवस्था गर्ने<br>- सेमेष्टर प्रणालीमा आधारीत शिक्षा लागु गर्नु पर्ने<br>- सामुदायिक क्याम्पसहरुलाई स्थानीय निकायबाट एउटा नियमति अनुदानको व्यवस्था गरिनु पर्ने<br>- उल्लेखीत समस्याहरुको समाधानमा चासो राखी समस्या हटाउन सम्बन्धित सरोकारहरुले भुमिका खेल्नु पर्ने ।<br>- विद्यालयमा आवश्यक वैकल्पिक उर्जा तथा विद्युतिय सामाग्रीको व्यवस्था हुनु पर्ने<br>- प्रत्येक महिना विद्याथीहरुको सिकाई मापनको लागि परिक्षा प्रणालीको व्यवस्था हुनु<br>- विद्यार्थीहरुलाई नियमित विद्यालय आउने वातावरण तयार पार्नको लागि कक्षा कार्यमा जोड दिने लगायत वहु आयामिक प्रणालीको विकासमा जोड दिने<br>- अभिभावक पूर्ण रुपमा विद्यार्थी र विद्यालय परिवारप्रति जिम्मेवार र जवाफदेही गराउने<br>- शिक्षा क्षेत्रमा प्रर्याप्त बजेटको विनियोजन हुनु पर्ने<br>- सबै शैक्षिक संस्थाहरुमा विद्युतिय हाजिरीको व्यवस्था गर्ने<br>- प्राविधिक शिक्षाको सञ्चालन र व्यवस्थापनको लागि दिगो श्रोतको व्यवस्था गर्ने<br>- विद्यालयमा सरसफाई तथा खानेपानीको व्यवस्थालाई प्रभावकारी गराउने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| | - शिक्षकले जिम्मेवारी पूर्वक तोकेको समयावधि विद्यालयको शैक्षिक क्षेत्रम दिन नसकेको<br>- विद्यालयमा बालमैत्रीयुक्त शिक्षण सिकाईको अभाव<br>- शिक्षकको विद्यललयमा गरिने पठनपाठनको सुपरिवेक्षण र पृष्ठपोषण गर्ने काम नहुनु<br>- विद्यालयमा अतिरिक्त कृयाकलाप सामाग्रीको अभाव<br>- मुल्यांकन पद्धतीमा रहेको प्रयोगात्मक परिक्षा व्यवस्थित गर्न नसक्नु<br>- विद्यार्थीहरुलाई नियमित पठनपाठनका लागि उपयुक्त भौतिक संरचनायुक्त भवन तथा कक्षा कोठाहरु नहुनु<br>- सबै विद्यालयमा पुस्तकालय तथा प्रयोगशालाको पर्याप्त व्यवस्था नहुनु<br>- खानेपानी, सरसफाई तथा स्वस्थ्य अवस्थामा सम्बन्धित निकाय तथा व्यक्तिहरुको ध्यान पुग्न नसक्नु<br>- विद्यालयमा घेरा पर्खालको व्यवस्थापन हुन नसक्नु ।<br>- विद्यालयमा आई.सि.टिको पर्याप्त विकास नहुनु<br>- नमूना विद्यालयमा गुरु योजना अनुरुप बजेट विनियोजन नभएको<br>- विद्यार्थीहरुको सिकाई उपलब्धी हुन नसक्नु<br>- कक्षा दोहोऱ्याउने र पूर्ण चक्र पार गर्ने पार गर्नेमा समस्या भएको<br>- प्राविधिक शिक्षालयमा आर्थिक अभाव हुनु | |

## ख. आधारभुत स्वास्थ्य

नगरपालिका क्षेत्रको स्वास्थ्य अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - १० वटा वर्थिङ सेन्टर<br>- ५० शैयाको बयलपाटा अस्पाताल<br>- १३ वटा स्वास्थ्य चौकी<br>- एउटा शहरी स्वास्थ्य केन्द्र<br>- साँफेबगर नगरपालिकाको स्वास्थ्य तथा सरसफाइ कार्यविधी २०७५ कार्यपालिकाबाट पारित<br>- १ वटा आर्युवेद औषधालय<br>- सबै वडामा गरी १४१ महिला स्वास्थ्य संयमसेविका<br>- दुईवटा स्वास्थ्य चौकमीा ल्याव सहितको स्वास्थ्य सेवा<br>- राष्टिय स्वास्थ्य विमा कार्यक्रम संचालन | - स्वास्थ्य संस्थामा मापदण्ड अनुसारको पूर्वाधार, जनसक्ति, उपकरण तथा औजारको कमी<br>- विद्यमान १० वटा वर्थिगं सेन्टरमा तालिम प्राप्त अ.न.मी. (एसविए) को कमी<br>- सबै स्वास्थ्य संस्थामा बर्थिगं सेन्टर नहुनु<br>- पहुँच नपुगेका समुदायमा सामुदायिक स्वास्थ्य इकाइ र शहरी स्वास्थ्य केन्द्रको स्थापना हुनु नसक्नु<br>- जथाभावी औषधीको प्रयोगबाट जनस्वास्थ्यमा प्रतिकुल प्रभाव हुनु<br>- निजी स्वास्थ्य क्लिनिकको नियमनको कमी<br>- स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी नहुनु | - साँफेबगर नगरपालिकाको स्वास्थ्य तथा सरसफाइ कार्यविधी २०७५ लागु गर्ने<br>- सबै स्वास्थ्य संस्थामा मापदण्ड अनुसारको पूर्वाधार, जनसक्ति, उपकरण तथा औजारको व्यवस्था गर्ने<br>- बयलपाटा अस्पतालको स्तरउन्नति सहित शिक्षण अस्पताल सञ्चालनका लागि पहल गर्ने<br>- स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी गराउने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - सबै वडामा खोप केन्द्र र गाउँघर क्लिनीक संचालन<br>- स्वास्थ्य संस्थामा १५२ स्वास्थ्यकर्मी<br>- ल्याव असिस्टेण्ट २, कास १५ जना, स्वीपर १० जना<br>- निजी पोलीक्लिनिक ३ वटा तथा निजी मेडिकल पसल<br>- स्वास्थ्य व्यवस्थापन समिति हरेका वडामा हुनु<br>- **बयलपाटा अस्पताल**<br>• प्रदेश कै उच्चस्तरीय प्रयोगशाला र नेपालकै नमूना अस्पताल बनाउने प्रयास<br>• Cancer Marker अनुसन्धान गर्न सकिने सम्मको पूर्वाधार भएको प्रयोगशाला<br>• चौविस घण्टे Blood Bank सेवा र Digital X-ray विभाग<br>• सिटि स्क्यान संचालन गर्न सकिने भौतिक पूर्वाधार भएको<br>• फार्मेसी सेवा<br>- जडिवुटी तथा परम्परागत उपचार विधिको अभ्यास | - धामी झाँक्रीमा विस्वास तथा जनचेतनामा कमी<br>- स्वास्थ्य व्यवस्थापन समिति गतिविधी नियमितमा कमी<br>- केही स्वास्थ्य संस्थामा सामाजिक परिक्षणको नहुनु<br>- स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको नियमिततामा कमी<br>- स्वास्थ्य संस्थामा प्रविधि तथा मर्मत सम्भार निरन्तरताको कमि<br>- औषधी उपयोग सम्बन्धी जनचेतनाको कमि<br>- **बयलपाटा अस्पताल**<br>• प्रयोगशाला, ल्याव र फार्मेसीमा मापदण्ड अनुसारको जनसक्तिमा कमि<br>• क्यान्सर अनुसन्धानको आवश्यक उपकरण र जनसक्तिको कमि<br>• रक्तदान सम्बन्धी जनचेतनाको कमि र ब्लड बैंकमा जनसक्तिको कमि<br>• एक्स रे सेवा र सिटी स्क्यान संचालनमा उपकरण, जनसक्ति र तालिमको कमि<br>• फार्मेसी सेवा २४ घण्टा संचालन हुन नसक्नु<br>• सरकारी निकायबाट प्राप्त हुने औषधीहरुको कमि | - आयुर्वैदिक अस्पताल स्थापनामा पहल गर्ने<br>- स्वास्थ्य कर्मीलाई पर्याप्त तालिम संचालन गर्ने<br>- स्वास्थ्य सम्बन्धी चेतनाको विस्तार गर्ने<br>- स्वास्थ्य व्यवस्थापन समितिको भूमिकालाई प्रभावकारी गराउन तालिमको व्यवस्था गर्ने<br>- स्वास्थ्य संस्थामा विद्युतिय हाजिरको व्यवस्था गर्ने<br>- स्वास्थ्य संस्था आकास्मिक कोषको स्थापना गर्ने<br>- **बयलपाटा अस्पताल**<br>• प्रयोगशाला, सिटि स्क्यान, ब्लड बैंक, क्यान्सर अनुसन्धानशाला, एक्स रे ल्याव र फार्मेसीका लागि आवश्यक उपकरण र मापदण्ड अनुसारको जनसक्तिको व्यवस्था गर्ने<br>• रक्तदान सम्बन्धी जनचेतनाको विस्तार गर्ने<br>• औषधी उपयोग सम्बन्धी जनचेतनाका विस्तार गर्ने |

## ग. खानेपानी तथा सरसफाई

नगरपालिका क्षेत्रभित्रको खानेपानी सुविधा, शौचालयको अवस्था एवं फोहर व्यवस्थापनको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - ६० प्रतिशत पाइपको खानेपानी सुविधा<br>- ९८ प्रतिशत घरमा शौचालय रहेको<br>- साँफेबगर बजारमा ढलको व्यवस्था<br>- सरसफाइको क्षेत्रमा जनचेतना वृद्धि | - अपर्याप्त खानेपानीको श्रोत<br>- ४० प्रतिशत घरपरिवारमा स्वच्छ खानेपानीको कमी<br>- खानेपानीको श्रोत सुक्दैजानु<br>- साँफे तथा बयलपाटा बजार क्षेत्रमा ढल निकास तथा सरसफाइको कमजोर व्यवस्थापन<br>- सरसफाइको आनिवानीमा कमजोरी<br>- नदि तथा खोला प्रदुसण<br>- प्लास्टिक तथा सिसा जन्य वस्तुका कारण प्रदुषण<br>- अधिकांश विद्यालयहरुमा खानेपानी तथा सौचालयको अवस्था प्रयोग कमजोर हुनु | - खानेपानी तथा सरसफाइ सम्बन्धी नगरस्तरीय कार्ययोजना गराई कार्यान्वयन गर्ने<br>- सबै घरमा स्वच्छ खानेपानीको सुविधाको सुनिश्चिता गर्ने<br>- बजार क्षेत्रमा ढल तथा फोहोर व्यवस्थापनलाई व्यवस्थित गर्ने<br>- प्लास्टिक तथा सिसाजन्य फोहोरको नियन्त्रण र व्यवस्थापन गर्ने<br>- नदि तथा खोलामा हुने जथाभावी फोहोरको विसर्जन नियन्त्रण गर्ने<br>- पुर्ण सरसफाइ युक्त नगर घोषणा गर्ने |

## घ. सामाजिक समावेशीकरण तथा सुरक्षा

नगरपालिका क्षेत्रको सामाजिक विकास अन्तर्गत समावेशीकरण तथा सामाजिक सुरक्षा उपक्षेत्रको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - समावेशी कानूनको कार्यान्वयन भएको<br>- स्थानीय सरकारमा महिला सहभागिता तथा भूमिका बढ्नु<br>- वडास्तरीय महिला, वाल वालिका, युवा, दलित संजालको गठन<br>- नगर तथा वडास्तरीय बाल क्लवहरुको कृयाशिलता<br>- असहाय बालवालिका केन्द्रको संचालन (२० जना वालवालिका रहेको)<br>- ८ वटा महिला बहुउद्देसिय सहकारी संचालन हुनु<br>- नगरस्तरीय अन्तरपार्टी महिला संजालको स्थापना तथा संचालन<br>- किशोरी समुहको सकृयता<br>- महिला अगुवा कृषक समुहको सकृयता हुनु<br>- नगरपालिका भित्र कुल १९६३ महिला तथा १४३५ पुरुष जेष्ठ नागरिकले सामाजिक सुरक्षा कार्यक्रमा समावेश<br>- नगरपालिकास्तरीय १५ सदस्यिय अपांगता समन्वय समिति गठन भएको<br>- सबै वडामा वडास्तरीय अपांगता समन्वय समिति गठन भएको<br>- नगरपालिका अपांगता समन्वय समितिको कार्यालय स्थापना भएको<br>- महेन्द्र मवि एउटा अपांगमैत्री विद्यालय भएको (वहिरा वालवालिकाको औपचारिक अध्ययन र १ जना तालिम प्राप्त शिक्षक ) र जनकल्याण माविमा ६ महिने सांकेतिक भाषाको अनौपचारिक शिक्षा)<br>- क र ख वर्गका अपांगता भएका व्यक्तिका लागि सुरक्षा भत्ताको व्यवस्था | - निर्णायक तहमा महिला, दलित, अपांगता भएका व्यक्ति तथा बालवालिकाको सहभागिता एवं भूमिकाको कमी<br>- महिला, दलित र अपांगता भएका व्यक्तिको सामाजिक, आर्थिक तथा राजनितिक क्षेत्रमा कमजोर सहभागिता<br>- संजालको वैधानिकता निरन्तरताको सुनिश्चिततामा कमी<br>- बजेट विनियोजनमा समावेशीताको सवाल कमजोर हुनु<br>- वालमैत्री स्थानीय शासनको कार्यान्वयन नहुनु<br>- दलित, महिला तथा अपांगता भएका व्यक्तिको शैक्षिक क्षेत्रमा कमजोर स्थिति रहनु<br>- दलितको परम्परागत पेशावाट जिविकोपार्जनमा कठिनाइ<br>- महिला हिंसा तथा छाउपडी प्रथाको निरन्तरता रहनु<br>- महिलाको समान ज्याला नहुनु<br>- बालविवाह तथा बहुविवाहको अन्त्य हुन नसक्नु<br>- आर्थिक, सामाजिक क्षेत्रमा महिलाको भूमिका तथा पहुँचमा कमी<br>- जेष्ठ नागरिकको जीवनयापनमा कठिनाई<br>- जेष्ठ नागरिक संजाल तथा समितिको गठन नभएको<br>- जेष्ठ नागरिकका लागि सुविधा युक्त वृद्धाश्रमको व्यवस्था नरहेको<br>- जेष्ट नागरिक सहायता कक्ष स्थापना नभएको<br>- अपांगमैत्री पूवार्धारको कमी<br>- अपांगता भएका व्यक्तिको सामाजिक, आर्थिक तथा राजनितिक क्षेत्रमा कमजोर सहभागिता<br>- अपांगता भएका व्यक्तिको आर्थिक अवसरको कमी<br>- अपांगता भएका व्यक्तिको प्रयाप्त प्रोप्साहनको कमी | - निर्णायक तहमा दलित, महिला, बालवालिका र अपांगता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता एवं भूमिकाकालाई सुनिश्चित गर्ने<br>- बजेट विनियोजनलाई समावेशीता गराउने<br>- बाल विवाह, बहुविवाह, महिला हिंसा तथा छाउपडी प्रथाको अन्त्यका लागि विद्यालय तथा समुदायस्तरबाट अभियान संचालन गर्ने<br>- आर्थिक, सामाजिक क्षेत्रमा महिलाको भूमिका तथा पहुँचमा वृद्धि गर्ने<br>- नगर तथा वडास्तरीय जेष्ठ नागरिक सहयोग तथा समन्वय समिति गठन गर्ने<br>- वालमैत्री स्थानीय शासनको कार्यान्वयन गर्ने<br>- हरेक वडामा वाल उद्यान तथा पार्कको व्यवस्था गर्ने<br>- वाल विकास केन्द्रको स्तरउन्नती गर्ने<br>- बालश्रम तथा बालविवाहलाई निरुत्साहित एवं निर्मुल गर्ने<br>- मनोरञ्जन सहितको आवासिय सुविधा सम्पन्न वृद्धाश्रम निर्माण तथा सञ्चालन तथा व्यवस्थापन गर्ने<br>- सार्वजनिक स्थलमा जेष्ठ नागरिक सहायता कक्ष स्थापना गर्ने<br>- अपांगता भएका व्यक्तिकोलागि विशेष स्वास्थ्य, शिक्षा तथा आर्थिक अवसर उपलब्ध गराउने<br>- अपांगमैत्री विद्यालय तथा  पुर्वाधार निर्माण गर्ने<br>- अपांगता भएका व्यक्तिको लागि आवश्यक शिक्षाको अवसर उपलब्ध गराउने<br>- अपांगता संघलाई वैधानिकता दिने<br>- परिचय पत्र प्राप्त नभएका अपांगता भएका व्यक्तिको लागि परिचय पत्र उपलब्ध गराउने<br>- महेन्द्र मावि अपांगमैत्री विद्यालयमा शिक्षक र आया थप गर्नु पर्ने<br>- भूमिहिन दलित तथा विपन्नहरुको लगत तयारगरी भूमि तथा आवासको व्यवस्था गर्ने<br>- दलित लगायतका पिछडिएको वर्गको शिक्षा, स्वास्थ्य तथा रोजगारीका क्षेत्रमा विशेष अवसरहरु सृजना गर्ने<br>- छुवाछुत लगायतका सामाजिक विवेद तथा कुप्रथाको अन्त्य गर्न कानूनको कार्यान्वयन तथा जनचेतना वृद्धिमा जोड दिने<br>- उच्च तथा प्राविधिक शिक्षामा दलित तथा अति विपन्न वर्गका विद्यार्थीको प्रोत्साहनका लागि विशेष छात्रवृतिको व्यवस्था गर्ने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - अपांगता भएका व्यक्तिको तथ्यांक संकलन भएको (४७८ जना)<br>- नगर तथा वडास्तरीय दलित संजाल गठन भएको<br>- छुवाछुत विरोधी कानून रहेको<br>- सामाजिक सुरक्षा तथा विद्यालयमा दलितका लागि छात्रवृतिको व्यवस्था भएको | - केहि अपांगता भएका व्यक्तिको परिचय पत्र नहुनु<br>- दलितको परम्परागत पेशाबाट जिविकामा कठिनाइ<br>- जातीय छुवाछुत कुप्रथा कायमै रहनु<br>- किशोरी परामर्श केन्द्रको कमी<br>- महेन्द्र मावि अपांगमैत्री विद्यालयमा शिक्षक र आया कम भएको | - दलितको परम्परागत पेशालाई विशिष्ठिकृत तथा व्यवसायिक गराउने<br>- निगरानी समिति, आमा समूह तथा अन्य संजालहरुलाई क्षमता विकासको माध्यमबाट सक्रिय बनाउने<br>- सामाजिक विकृति जुवातास, मदिरा, बन्द गर्नका लागि जनचेतना जगाउने<br>- वडा तथा नगरस्तरीय महिला संजाल गठन गर्ने |

## ङ कला, संस्कृति, शान्ति सुरक्षा, मेलमिलाप

नगरपालिका क्षेत्रको सामाजिक विकास अन्तर्गत कला सँस्कृति र मेलमिलाप उपक्षेत्रको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - सुदुर पश्चिमी देउडा, हुड्के नाच, होरी, चाँचरी, धमारी, पुत्ला, रोटे तिहार, तागा, मागल, झोडा जस्ता साँस्कृतिक अभ्यास हुनु<br>- बैद्यनाथ धाम, खप्तड, ग्वालेश्वर, धवलछडा, नवाहाट, सुग्दह, कालभैरव, भागेस्वर देवल, लङ्कमाता, नाउलाझाढ, दयगडा हाडासैन सिद्धधुनी, बाहुलढुंगा, रिडिकोट गढी, कालिका मन्दिर, तारेकुना, जिम्राडी धाम, भिम ढुंगा जस्ता धार्मिक रुपले महत्वपुर्ण क्षेत्र रहेको<br>- हिन्दु तथा खस सभ्यताको अभ्यासका रुपमा फागुपुन्नी, मष्ट पुजा, विसु, पुष १५, माघे सक्रान्ती, पुत्ला, भुओ जस्ता पर्वको अभ्यास<br>- पञ्चेवाजा, सारंगी, वासुरी जस्ता वाध्य वाधनको परम्परागत अभ्यास<br>- सबैजातको मिश्रीत बसोवास तथा सामाजिक एकता<br>- दुइवटा इलाका प्रहरी कार्यालय, ससस्त्र प्रहरी कार्यालय लगायत प्रहरी चौकीको स्थापना | - परम्परागत संस्कृतिको संरक्षणमा कमी<br>- पञ्चेवाजा वजाउने पेशा सम्मानित नहुनु<br>- धार्मिक क्षेत्रको संरक्षण र प्रसार प्रचारको कमी<br>- परम्परागत भाषा तथा भेषभुसाको संरक्षणमा कमी<br>- वाहिय साँस्कृतिको प्रभाव<br>- मध्यस्थकर्ता छनौटमा कमी | - कला तथा संस्कृति संरक्षण प्रतिष्ठानको स्थापना गर्ने<br>- कला तथा संस्कृति संरक्षणका लागि संग्राहलय स्थापना गर्ने<br>- पञ्चेवाजाको संरक्षण तथा प्रवर्द्धनलाई जोड दिने<br>- बैद्यनाथ धाम, खप्तड, जिम्राडी धाम जस्ता धार्मिक क्षेत्रको संरक्षण, पूर्वाधार निर्माण र प्रसार प्रचारको विशेष व्यवस्था गर्ने |

## च. युवा तथा खेलकूद

सामाजिक विकास अन्तर्गत युवा तथा खेलकूद उपक्षेत्रको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - सबै वडामा १४ वटा र नगरमा एक युवा संजाल गठन तथा सकृय<br>- युवा संजालमा ९४ युवती र १४१ युवा संलग्न<br>- युवाद्धारा सामाजिक क्षेत्रमा सुधार तथा सहयोगका कार्य<br>- खेलकुदका क्षेत्रमा जिल्लास्तरीय फुटवल, क्रिकेट, भलिवल आयोजना<br>- युवा व्यवसाय कार्यमा संलग्न | - खेलमैदान र खेलकुद पूर्वाधारमा कमी रहेको<br>- खेलाडी प्रोत्साहनमा कमी रहेको<br>- युवा पलायन रहेको<br>- घट्ट लगायत पुरानो मौलिक प्रविधिको संरक्षणको कमी<br>- युवाहरुमा बैदेशिक रोजगारमा आकर्षण रहेको<br>- युवा वेरोगारीको व्यापकता<br>- खेल मैदानको अभाव<br>- खेल प्रशिक्षक तथा खेल आयोजनाको कमि<br>- खेलकुद समिति गठन नहुनु<br>- युवा दुर्वसन तथा पलायन | - युवा क्लव गठन र स्थानीय विकासका सवालहरुमा वहश तथा परीचालन गर्ने<br>- युवा क्लव तथा युवा परिचालन गरी सामाजिक जागरण, सामाजिक परिचालन तथा विकासका कार्य संचालन गर्ने<br>- खेलमैदान तथा पूर्वाधारको निर्माण गर्ने<br>- युवा स्वरोजगारका लागि आवश्यक तालिम तथा प्रोसाहनको व्यवस्था गर्ने<br>- युवाहरुलाई कुलतबाट जोगाउन संगित तथा खेलका अवसर प्रदान गरि दुर्वसन मुक्त खेलकुद गराउने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - युवा संजालद्धारा सृजनात्मक कार्यहरु वक्तित्वकला, साँस्कृतिक कार्यक्रम, मोवाइल क्षमता प्रर्दशन परिक्षा, नेतृत्व तथा उद्धमशिलता विकास जस्ता तालिम संचालन<br>- वडासैन खेल मैदान सानपा ७ रिडिकोटमा रहेको | - परम्परागत संस्कृति, कृषि पेशा प्रति युवाको विर्कषण<br>- यवालाई रोजगारमुलक सिप प्रदान गने संस्थाको कमी<br>- युवामा एकता र समान भावना हुन नसक्नु<br>- युवाको क्षेत्रमा कार्यक्रम तथा वजेटको कमी<br>- निर्णायक क्षेत्रमा युवा सहभागिताको कमी<br>- युवामा उद्यमशिलता भन्दा जागिरे मानसिकता | - युवा स्वरोजगार कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने<br>- निर्यायक क्षेत्रमा युवा सहभागिता सुनिश्चित गर्ने<br>- नगरस्तरीय कर्वड हल र वडाहरुमा खेल मैदान निर्माण गर्ने<br>- खेलाडीलाई तालिम तथा प्रोत्साहन गर्ने<br>- युवा स्वरोजगार कार्यक्रम सचालन गर्ने<br>- सबै वडा तथा नगरस्तरमा खेलकुद समितिको गठन गर्ने<br>- युवा सूचना केन्द्र स्थापना गर्ने |

## २.३.३ पूर्वाधार विकास

भौतिक तथा सार्वजनिक पूर्वाधार विकास कार्य नगरपालिकाको समग्र विकासका लागि अपरिहार्य रहेको हुन्छ। यसमा मूलतः बाटोघाटो, भवन, सिंचाई तथा नदी नियन्त्रण संरचना, सञ्चार प्रणाली, बैंक तथा वित्तिय संस्था आदि पर्दछन्। हाल नगरपालिका क्षेत्रभित्र पक्की सडक २८.५ किमी, २. ग्राभेल सडक २२.२५ किमी रहेको र कच्ची सडक १०६.५ कि.मि. रहेको छ। नगरपालिकामा साँफे (हाटबजार) र साँफे (एयरपोर्ट), बुढावगर, तासी, ठाँटी, श्रीकोट, पिपलतोला, वयलपाटा, भमखाना गरी ९ वटा बजार केन्द्र रहेको वडा नं.४ को छिपेखोलामा कृषि बजार संचालनमा रहेको एवं वडा नम्बर ४ को साँफेबगरमा नगर कार्यपालिकाको कार्यालय संचालन रहेको छ।

नगरपालिकाको सडक तथा पुल, झोलुंगे पुल, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, सञ्चार सम्बन्धी शिर्षकहरुमा विश्लेषण गरी संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका ५ः पूर्वाधार विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था)

**क. सडक, पुल र यातायात**

पूर्वाधार विकास अन्तरगत सडक तथा यातायात उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - पक्की सडक २८.५ कि.मि सडक रहेको र यातायात सुचारु रहेको<br>- ग्राभेल सडक २२.२५ मा सार्वजनिक यातायात संचालनमा रहेको<br>  - *वडा नं २ सल्लाघारी देखी इकडी खोला (१९ कि.मि.)*<br>  - *बुढीगंगा पक्की पुल देखी तेल ढोल्ने आप (वयलपाटा) (९ कि.मि.)*<br>  - *लुंग्रेलीगाड देखी वैजनाथधाम पर्यटन सडक (०.५ कि.मि)*<br>- कच्ची सडक १०६.५ कि.मि. रहेको<br>- कच्ची सडकहरुमा मौसमी रुपमा सार्वजनिक यातायात संचालन भइरहेको | **पक्की सडक**<br>- हालको मापदन्ड अनुसार सडकको चौडाई कम भएको<br>- सडकको नियमित, आवधिक आकस्मिक ममर्त संभार नभएको<br>- नालीको संरक्षण नभएको<br>- कजवे तथा कल्भर्ट नभएको<br>- सडक अतिक्रमण भएको र सडक बजार तथा चोकमा सडक बत्ती नभएको<br>- हाइवे, पक्की तथा ग्राभेल सडकमा वसस्टाण्ड, जेब्रा क्रसिङ र यात्रु प्रतिक्षालय नभएको<br>**ग्राभेल तथा कच्ची सडक**<br>- नगरपालिकाले तोकेको मापदण्ड अनुसार सडक चौडा नभएको र मोडहरु नमिलेको<br>- कच्ची सडकमा ग्राभेल तथा पक्की नभएको | **पक्की सडक (कि.मि.)**<br>- प्राथमिकता अनुसार बार्षिक ३ कि.मि. का दरले १५ कि.मि दरले सडक पिच गर्ने<br>- सडक आयोजनाहरुको विस्तृत प्रतिवेदन (डिपिआर) तयार गर्ने<br>- नगर यातायात गुरु योजना तर्जुमा गर्ने<br>- हाइवे तथा पक्की सडकमा वसस्टाण्ड, जेब्रा क्रसिङ र यात्रु प्रतिक्षालय निर्माण गर्ने<br>- पक्की सडकको नियमित, आवधिक र आकस्मिक मर्मतसंभार गर्ने<br>**ग्राभेल सडक**<br>- प्राथमिकता अनुसार बार्षिक १० कि.मि. का दरले ५० कि.मि दरले सडकको सहायक संरचना सहित सडक पिच गर्ने<br>**नयाँ ट्र्याक** |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - हाइवे (साँफे मातडी राजमार्ग र साँफे मंगलसेन सडकहरुमा (६ आरसिसि पुल रहेको<br>- विभिन्न स्थानमा २२ वटा झोलुङ्गे पुल रहेको<br>- वडा नं. ४ को साँफेबगरमा पक्की धावन मार्ग सहितको हवाई मैदान रहेको | - सडकहरुमा पानी निकासको लागि नाली तथा सहायक संरचना नभएको<br>- सडकहरुको नियमित, आकस्मिक, आवधिक मर्मत संभार नभएको<br>- ठाउँठाउँमा पुल तथा कल्भर्ट र कजवे नभएको<br>- १२ महिना सार्वजनिक यातायात चालु नभएको<br>- सडकहरु अतिक्रमण भएको तथा मिचिएको<br>- सबै स्थान (वडा नं. १२ को खप्तड सडक संजालमा नजोडिएको<br>**सडक पूल**<br>- सडकहरुको नियमित तथा आवधिक मर्मत संभार नभएको<br>- पुलको संरक्षण नभएको<br>- हालको मापदण्ड अनुसार पुलको चौडाइ कम भएको<br>**झोलुङ्गे पुल**<br>- नियमित तथा आवधिक मर्मत संभार नभएको<br>- हेरालु व्यवस्था नभएको<br>**हवाईमैदान**<br>- हवाई टावर संचालन नभएको<br>- हवाई उडान नभएको | **प्राथमिकता अनुसार ८६ कि.मि. सडक मने नयाँ ट्रयाक खोल्ने**<br>**पक्की पुल तथा कल्भर्ट**<br>- बुढाकोट पातालकोट सडकको १ स्थानमा पक्की पुल र ३ स्थानमा कजवे<br>- वडा नं. ३ र ४ जोड्ने एयरपोर्ट छेउमा पक्की पुल, वडा नं. र ७ र १ को भमखानमा पक्की पुल निर्माण गर्ने<br>- वडा नं. १० को घुँघुरकोट पनाडा देखी फडा हुँदै खप्तड नाईनी पर्यटक सडकको तालरवा खोला पक्की पुल निर्माण गर्ने<br>**झोलुङ्गे पुल**<br>प्राथमिकता अनुसार देहाय बमोजिम ३ वटा झोलुङ्गे पुल निर्माण गर्ने<br>- जिम्राडीधाम, वडा नं. ८<br>- ठुलाखोला, वडा नं. १२ खप्तड<br>- करतेखोला, वडा नं. १२ खप्तड<br>बुढीगंगा वडा नं. ३ र ४ को साफ्केवगर झोलुङ्गे पुलको वृहत मर्मत अन्य पुलहरुको नियमित मर्मत संभार गर्ने<br>**हवाईमैदान**<br>- हवाई टावर संचालनमा ल्याउने |

## ख. आवास, वस्ती भवन र बजार

पूर्वाधार विकास अन्तर्गत आवास, भवन तथा वस्ती विकास उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - साँफे (हाटबजार) र साँफे (एयरपोर्ट), बुढावगर, तासी, ठाँटी, श्रीकोट, पिपलतोला, वयलपाटा, भमखाना गरी ९ वटा बजार केन्द्र रहेको<br>- वडा नं.४ को छिपेखोलामा कृषि बजार संचालनमा रहेको<br>- वडा नम्बर ४ को साँफेबगरमा नगर कार्यपालिकाको कार्यालय संचालन रहेको<br>- वडा नं. ४, ६, ९, १०, ११ र १३ आफ्नै भवनमा वडा कार्यालय संचालनमा रहेको<br>- शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ तर्जुमा र कार्यान्वयनमा रहेको<br>- नेपाल सडक मापदण्ड, २०७० तर्जुमा संचालनमा रहेको | - सडक नाली तथा पानी निकासको व्यवस्था नभएको<br>- वसस्टायण्ड र पाकिङ्गको व्यवस्था नभएको<br>- बजारहरुमा सार्वजनिक शौचालयको जग्गा र संरचना नभएको<br>- भवन निर्माण मापदण्ड तथा निमयाली तर्जुमा नभएको<br>- भवन नक्शापास तथा भूकम्प प्रतिरोधी भवन बारे सचेतना तथा जानकारीमा कमी रहेको<br>- बजार केन्द्रमा बजार सेड, संकलन तथा वितरण केन्द्र, सार्वजनिक शौचालय, सडक तथा पार्किङ्गको व्यवस्था नभएको<br>- एकीकृत सेवा प्रवाहको लागि नगर कार्यपालिका कार्यालय, वडा | - पानी निकास नाली, वसस्ट्याण्ड, पाकिङ्ग स्थल, सार्वजनिक शौचालय, हरियाली खुल्लास्थान सहित बजार व्यवस्थित गर्ने<br>- पार्कसहित बृद्धाश्रम निर्माण गर्ने<br>- जनता आवास कार्यक्रमको थप विस्तार गर्ने<br>- सामुदायिक भवन सहित सुरक्षित आश्रयस्थल निर्माण गर्ने<br>- एकीकृत सेवा प्रवाहसहितको नगर कार्यपालिका भवन र वडा कार्यालय भवनहरु निर्माण गर्ने<br>- वस्ती/वस्तीमा पार्क र सुरक्षित खुल्ला क्षेत्र निर्माण गर्ने<br>- प्राविधिक, निर्माण व्यवसायी र मेसनको लागि भूकम्प प्रतिरोधी प्रविधि तथा निर्माण सम्बन्धी तालिम प्रदान गर्ने<br>- नक्शा पास, भूकम्प प्रतिरोधी निर्माण, सडक अधिकार क्षेत्र र मापदण्ड बारे सचेतना कार्यक्रम संचालन गर्ने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - घरनक्शा पास कार्यविधि २०६० अनुसार नक्शा पास कार्य भैरहेको<br>- वडा १ को वैजनाथमा शंकरपार्क (मिनी) पार्क रहेको<br>- वडा नं. ४ साँफे खाद्य स्टोरेज गोदाम घर (डब्लुएफपि) संचालनमा रहेको<br>- प्रत्येक वडाका मुख्य टोल (साविक वडा) हरुमा सामुदायिक भवन रहेको<br>- वडा नं. १२ को खप्तड तुकामा ५ वटा होमस्टे (पाहुना घर) रहेको | कार्यालय, विषयगत शाखा तथा सेवा केन्द्र भवन कमी रहेको<br>- सभाहल नभएको<br>- सुरक्षित आश्रयस्थलको कमी रहेको<br>- फोहोर विसर्जन स्थल (डम्पिङ्ग साइट) नभएको<br>- सुदुर लक्षित प्राविधिक शिक्षालयको भवन निर्माण कार्य अधुरो रहेको | - वडा नं. ६ को वाग्थलामा डम्पिङ्ग साइटको संभाव्यता अध्ययन गरी निर्माण गर्ने<br>- २ स्थानमा बस पार्क निर्माण गर्ने (साँफे हाटबजार र साँफे एयरपोर्ट बजारमा)<br>- सुदुर लक्षित प्राविधिक शिक्षालयको भवन निर्माण कार्य शिघ्र सम्पन्न गर्न पहल गर्ने<br>- जनकल्याण प्राविधिक शिक्षाको भवन निर्माण सम्पन्न गर्ने<br>- दलित संजालका १४ वटै वटामा निर्माणधिन दलित लक्षित भवन सम्पन्न तथा नयाँ निर्माण गर्ने |

साँफेबगर नगरपालिकाका प्रमुख वस्तीहरू, जोखिम वस्ती तथा प्रमुख बजार केन्द्रहरू सम्बन्धी विवरण **अनुसूची २** मा उल्लेख गरिएको छ।

## ग. विद्युत तथा वैकल्पिक उर्जा

पूर्वाधार विकास अन्तरगत विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - २० मेगावाट क्षमताको बुढीगंगा जलविद्युत निर्माण प्रक्रिया शुरु भएको<br>- वडा नं ९ चौरपिपल बुढाकोटमा ३.८ किलोवाट घट्टेखोला जलविद्युत आयोजना<br>- वडा नं. ९ ऐराडा मा धौलछडा पानीघट्टको २.५ किलोवाट विद्युत उत्पादन रहेको<br>- वडा नं. १० को डुप्का वगरमा ३४ किलोवाट क्षमताको लघु जलविद्युत आयोजना संचालनमा रहेको<br>- वडा नं. १३ को बाब्लामा ४० किलोबाटको तालरवा लघु जलविद्युत आयोजना निर्माण भएको<br>- छड प्रतिशत घरपरिवारमा विद्युत उपलब्ध रहेको (वडा नं. १, २, ३, ४, ६, ७, ८ मा पुरै, वडा नं. ५, १० को आंशिक घरधुरी)<br>- द्द्छट (३४%) घरपरिवारमा सोलार प्रणाली रहेको<br>- सडक तथा सार्वजनिक स्थानमा वत्तीका लागि सोलार प्यानल रहेको (वडा नं. ३ र ४ को बजार क्षेत्रमा १६८ वटा सेट रहेको)<br>- ३०२ घरधुरीमा वायोग्यास प्लाण्ट उपलब्ध रहेको<br>- करिब २०० घरपरिवारमा सुधारिएको चुल्हो उपलब्ध रहेको<br>- वडा नं. ४ (साँफे), १० को घुँघुरकोट, ११ को देविस्थान, १२ को खप्तड, १३ को बाब्ला र १४ पातालकोट वडा कार्यालय, सोलार प्रणालीको पावर व्याकअपको व्यवस्था रहेको | - विद्युत उत्पादन कमी रहेको<br>- सवै वस्तीमा विद्युत सेवा उपलब्ध नरहेको<br>- विद्युत उपलब्ध रहेको स्थानहरुमा ट्रान्सफर्मरको क्षमता र संख्यामा कमी रहेको<br>- विद्यूत लाइनमा पोल तथा तार जिर्ण भएको<br>- वडा नं. ९, ११, १२, १३ र १४ (साविकको पातलकोट, बुढाकोट, देविस्थान र खप्तड र बाँब्ला) मा विद्युत सेवा नपुगेको<br>- वडा नं. १३ को बाब्लामा ४० किलोबाटको तालरवा लघु जलविद्युत आयोजना बन्द भएको | - बुढीगंगा जलविद्युत निर्माण गर्न पहल गर्ने<br>- वडा नं. १३ को बाब्लामा ४० किलोबाटको तालरवा लघु जलविद्युत आयोजना संचालन लगायतको चालु आयोजना नियमित मर्मत संभार गर्ने<br>- विद्यूत नपुगेको स्थानहरुमा विद्युत लाइन विस्तार गर्ने<br>- वैकल्पिक उर्जा प्रवर्धन तथा विस्तारका लागि सचेतना कार्यक्रम संचालन तथा प्रोत्साहन अनुदान प्रदान गर्ने |

### घ. सूचना र संचार प्रविधि

पूर्वाधार विकास अन्तरगत विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - ४८ प्रतिशत जनसंख्यामा मोबाइल सेवा उपलब्ध रहेको<br>- वडा नं. ३, ४ र ८ को बजार क्षेत्रमा ल्याण्डलाइन टेलिफोन सेवा, इन्टरनेट सेवा वाइफाई सेवा उपलब्ध रहेको<br>- नगर कार्यापालिका कार्यालयमा द्रुतगतिको ब्रोडलिंक इन्टरनेट सेवा र सूचना प्रसारणको लागि एलइडि डिस्प्ले वोर्ड उपलब्ध रहेको<br>- नगर कार्यापालिका कार्यालय, र वेतालमाण्डु, प्रभा धमकोट, जनकल्याण माविमा सिसिटिभी मा वायोमेट्रिक हाजिरी रहेको<br>- वैद्यनाथधाम र वयलपाटा हस्पिटलमा सिसिटिभी संचालनमा रहेका<br>- जनप्रिय एफएम संचालनमा रहको<br>- छापाखाना २ वटा रहेको<br>- डाइनामिक आधिकारित वेवसाइट, सामजिक संजाल, एफएम र जिल्ला र राष्ट्रिय पत्रपत्रीकाबाट नगर गतिविधि, जानकारी प्रकाशन र प्रसारण भैरहेको<br>- छिटोछरितो सन्देश प्रवाहका वेवमा आधारित ग्रुप एसएमएस र विभिन्न जानकारी अवलोकन गर्न डाउनलोड तथा पुन प्रयोग गर्न सकिने नगरको डाटा पोर्टल संचालनमा रहेको<br>- नगर कार्यपालिका कार्यालयमा स्थानीय सरकारकालागि विकास गरिएका प्रविधिहरुको प्रयोग गरी तथ्याङ्क संकलन र अद्यावधिक गर्ने सूचना प्रविधि केन्द्र संचालनमा रहेको | - विटिएस टावर संख्या कम रहेको तथा क्षमता कम भएको<br>- सवै स्थानमा मोवाइल सेवा सुचारु नभएको<br>- वडा कार्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध तथा संचालनमा नभएको<br>- कार्यालमा कागजातहरु पुरानो प्रविधिबाट अभिलेख गरिएको<br>- सवै वडामा मोवाईल तथा ल्याण्डलाइन टेलिफोन सेवा उपलब्ध नभएको<br>- कर्मचारीको कमीको कारण अनलाईन प्रविधिबाट सामाजिक सुरक्षा भत्ताको विवरण प्रविष्टीमा ढिलाई भएको<br>- सेवाग्राहीले गुनासो राख्ने संयन्त्र नभएको<br>- डिजिटल तथा अडियो नोटिस वोर्डको सुविधा नभएको<br>- नगरपालिका भित्रका कर्मचारी विवरण तथा काम डिजिटल हुन नसकेको<br>- नागरिकहरुको सल्लाह सुझाव दिने संयन्त्रको कमी | - टावरको संख्या र क्षमता बृद्धी कम्पनीहरुसँग समन्वय गर्ने<br>- सूचना प्रविधिको सदुयोग बारे पदाधिकारी तथा कर्मचारीका लागि क्षमता विकास तालिम संचालन गर्ने<br>- विकास बुलेटिन प्रकाशन गर्ने (चौमासिक)<br>- पदाधिकारी तथा सेवाग्राही संवाद कार्यक्रम संचालन गर्ने<br>- जनप्रतिनिधि र कर्मचारीका लागि जिडिटल साक्षरता क्षमता विकास तालिम संचालन गर्ने<br>- वडा कार्यालयमा इन्टरनेट सुविधा जडान गर्ने<br>- डकुमेण्ट म्यानेजमेण्ट सफ्टवयर प्रयोग गरी कागजातहरुको डिजिटाइज्ड गर्ने<br>- सामाजिक सुरक्षा भत्ता विवरण र व्यक्तिगत घटना दर्तालाई अनलाइन प्रविधिमा लैजाने<br>- गुनासो सुनुवाई र व्यवस्थापन प्रणालीको अनलाइन र अफलाइन प्रणाली दुवैबाट संचालन गरिने<br>- डिजिटल तथा अडियो नोटिस वोर्ड जडान गर्ने<br>- कर्मचारीको विवरण, विदा, गुनासा र सुझावका लागि मानव संशाधन प्रणालीको विकास गर्ने<br>- प्राजेक्ट मनिटरिङ्ग टुलबाट नागरिकले पूर्वाधार विकास आयोजनाहरुको प्रगति विवरण, लागत खर्च र आयोजना सम्बन्धी जानकारी र खुल्ला वहश संचालन गर्ने<br>- बालबालिका बुटक्यामको आयोजना गरेर प्रविधिबाट ज्ञान आर्जन गर्ने तरिका हस्तारण गर्ने |

## २.३.४ वातावरण तथा विपद

साँफेबगर नगरपालिकाको वन तथा भुसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन सम्बन्धी शिर्षकहरुमा विश्लेषण गरी संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६: वन, वातावरण तथा विपद व्यवस्थापन (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था)**

## क. बन र जैविक विविधता

वन, वातावरण तथा विपद व्यवस्थापन अन्तरगत वन तथा जैविक विविधता उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - वनमा आधारित उद्योग तथा फर्निचरको लागि उपयुक्त वन क्षेत्र तथा काठ (जस्तैः साल, सल्लो, टुनी, साज सिसम )<br>- वन्यजन्तुहरु जस्तै बाघ, भालु, स्याल, बाँदर, बँदेल मृग, घोरल, कालिज, सुगा, कोईली आदि आदी उपलब्ध रहेको<br>- वनस्पति जस्तै साल, सल्ला, सिसम, खयर, धुपी, उत्तीस, सिमल, साज, चिराईतो, फलाँट, शिरीष, मौवा, टुनी,बाँस निगालो, बेत, चुत्रो, बणु, अल्लो आदीको विविधता रहेको<br>- ३६% क्षेत्रमा वन उपलब्धता, सामुदायिक वन ६४ वटा, कबुलियति वन ६० वटा रहेका । | - व्यवस्थित वन विकास कार्ययोजना नभएको ।<br>- उचित संरक्षणको योजना र कार्यक्रम कार्यान्वयनको अभाव ।<br>- वन अतिक्रमण नियन्त्रण नभएको ।<br>- वन क्षेत्रको भागबन्डा गरी नीजि काममा प्रयोग भएको ।<br>- आर्थिक अभावका कारण सामुदायिक वन नवीकरण नभएको ।<br>- वन डढेलो नियन्त्रण नहुनु ।<br>- चौपायाको चरिचरनमा छाडापन ।<br>- वनक्षेत्रमा काम गर्ने कर्मचारीको अभाव । | - व्यवस्थित वा विकास कार्ययोजना बनाई आयस्रोतको पहिचान गर्ने<br>- सामुदायिक वनको विकासको लागि समूहको क्षमता विकास तथा सचेतीकरण गोष्ठी आयोजना गर्ने<br>- संरक्षण क्षेत्र विकास गरी पर्यटन प्रबर्दनसँग आवद्ध गर्ने<br>- दाँते ओखरजस्ता प्रजातिहरुको खेती गरी आम्दिानी वृद्धिमा टेवा पुऱ्याउने ।<br>- सामुदायिक वनको गठन, सचेतीकरण, अनुगमन, क्षमता विकास, विवाद व्यवस्थापन गर्ने<br>- अग्नी रेखा निर्माण गर्ने<br>- कर्मचारी व्यवस्थापनका लागि पहल गर्ने<br>- कबुलियति तथा सामुदायिक वनमा सिमा निर्धारण गरी घेरावार निर्माण गर्ने |

## ख. भूमि तथा जलाधार संरक्षण

वन, वातावरण तथा विपद्अन्तरगत भू तथा जलाधार वयवस्थापन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - बुढीगंगा, प्रभालीगाड, जिजाडीगाड, छिपेखोला, लुङग्रेलीगाड, आर्दलीगाड, काँशागाड, कैलाश खोला जस्ता नदी र खोलाहरु रहेको<br>- नगरपालिकाको ३६% क्षेत्र वनले ढाकेको<br>- जलाधार तटीय क्षेत्रमा खाली प्रति जमिन छन्<br>- | - जउत्पादनशिल जमीन, वस्ती र पूर्वाधाको कटान तथा डुबान भइरहेको<br>- खाली प्रति जमिनमा बृक्षारोपण गरिएको छैन<br>- भूमि तथा जलाधार संरक्षणका लागि प्रयाप्त जनचेतनाको कमी<br>- भूमि तथा जलाधार व्यवस्थापन सम्बन्धी प्रशस्त प्रचारप्रसार नभएको<br>- संरक्षण, व्यवस्थापन प्रचार प्रसारका लागि प्राविधिक जनशक्तिको कमी<br>- तटीय क्षेत्रको अतिक्रमण<br>- ढुंगा गिट्टी, बालुवाको अनियन्त्रीत उत्खनन<br>- नदी तटीय क्षेत्रमा खुल्ला चरिचरण | - जलाधार तटीय क्षेत्रमा बृक्षारोपण गर्नुपर्ने ( खयर र सिसम)<br>- भूमि संरक्षणका लागि कटान क्षेत्रमा तटवन्ध निर्माण गर्नुपर्ने<br>- जलाधार क्षेत्र संरक्षणका लागि रिचार्ज पोखरी निर्माण गर्नुपर्ने<br>- सिमसार क्षेत्रको संरक्षण गर्नुपर्ने<br>- तटीय क्षेत्रको अतिक्रमण नियन्त्रण र व्यवस्थापन<br>- सिमसारमैत्री बाली प्रणालीको अभ्यास गर्नुपर्ने<br>- तटीय क्षेत्रको प्रयोगमार्फत स्थानीयको आयस्तर बृद्धि गर्नुपर्ने<br>- जथाभावी पूर्वाधार विकास (बाटो) नियन्त्रण गर्नुपर्ने<br>- ढुंगा, गिट्टी, बालुवा उत्खननका लागि अध्ययन गरी निश्चित स्थान निर्धारण गर्नुपर्ने<br>- छाडा पशुचौपायालाई नियन्त्रण गर्नुपर्ने |

## ग. वातावरण तथा स्वच्छता

वन, वातावरण तथा विपद् अन्तर्गत वातावरण उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - वनक्षेत्र, जलाधार क्षेत्र, जैविक विविधता<br>- शहरी क्षेत्रको तुलनामा प्रदुषण तथा जलवायु परिवर्तन बढाउने गतिविधि कम रहेको<br>- राष्ट्रिय स्तरमा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा भैरहेको<br>- बैकल्पिक उर्जा (सोलार,वायोग्यास,सुधारिएको चुल्हो विस्तार गर्न सकिने) | - वन जंगलको अतिक्रमण तथा डढेलो जलाधार क्षेत्र र जैविक वसिवधिताको क्षेत्रको संरक्षणमा कमी हुनु ।<br>- इन्धनकोरुपमा काठ दाउराको प्रयोग बढी प्रयोग हुनु ।<br>- नगर स्तरमा जलवायु अनुकुलन सम्बन्धी कार्यक्रमहरु आउन नसक्नु ।<br>- बैकल्पिक उर्जाको क्षेत्रमा भएको अनुदान बारे समुदायमा कम जानकारी हुनु । | - दीगो वन व्यवस्थापन गरी वन संरक्षण गर्ने<br>- वन क्षेत्रको पुन उत्पादन वृद्धी गर्ने<br>- बैकल्पीक उर्जाको प्रयोगलाई बढाउने ।<br>- जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यक्रमहरु ल्याउन पहल गर्ने ।<br>- प्रचार प्रसार कार्यक्रम सञ्चालन गर्ने |

## घ. विपद

वन, वातावरण तथा विपद् अन्तरगत विपद व्यवस्थापन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - वन क्षेत्रको उपलब्धताले धेरै ठाउँमा पहिरोको जोखिम कम ।<br>- राष्टिय तथा अन्तराष्टिय संघ संस्था (पहल, सिडीपी,आस्था नेपाल विपद व्यवस्थापनमा संलग्नता ।<br>- राष्टिय स्तरमा विपद व्यवस्थापन सम्बन्धी ऐन कानुन तर्जुमा हुनु।<br>- परम्परागत ज्ञान सीप<br>- वडा नं. १ देखि ८ सम्म भूक्षय र पहिरो जाने कम सम्भावना ।<br>- अम्लेसो, बाँस, बैस, सिरु, खयर, हात्तीबार जस्ता उपयुक्त वनस्पितिहरुको उपलब्धता ।<br>- नगर विकास योजना भू-संरक्षणसम्बन्धी योजना तथा कार्यक्रमहरु समावेश हुनु । | - भूकम्प प्रतिरोधी घरहरु न्यून हुनु ।<br>- बाढी र पहिरोको जोखिम हुने क्षेत्रहरुमा घर निर्माण हुनु जस्तै एयरपोर्ट पुल बजार देउभ्फाल बजार ।<br>- विपद व्यवस्थापन सम्बन्धी चेतनाको कमी ।<br>- भू उपयोग तथा बस्ती विकास नीति नहुनु<br>- विपद पूर्व तयारी पूर्व सूचना प्रणाली आपतकालीन उद्धार सामग्रीहरु दमकल, समुदाय स्तरीय विपद व्यवस्थापनको अभाव<br>- उद्धार टोलीलाई घटना क्षेत्रमा सहज पहुँचको लागि गुणस्तरीय सडकको कमी ।<br>- वडा नं. ९ देखि १४ सम्म पहिरोको जोखिम बढी रहेको ।<br>- नदी कटानबाट प्रभावित क्षेत्र बाब्ला, देविस्थान, घुघुरकोट, सिद्धेश्वर, मष्टामाडौं, नवाठाना, भागेश्वर, जाल्पादेवी, रिडिकोट, बैजनाथ, चण्डिका ।<br>- पर्याप्त बजेटको अभाव<br>- भू-संरक्षण न्यूनीकरणमा सामुदायिक सहभागितामा कमी ।<br>- भू-संरक्षण सम्बन्धी कम खर्चका विधिहरुको वारेमा कम जानकारी ।<br>- बुढीगंगा तटीय क्षेत्रमा बाढीको जोखिम । | - भवन निमार्ण आचार संहितालाई कडाइका साथ लागू गर्ने<br>- नगरपालिकाका जोखिमयुक्त क्षेत्रहरुमा खानी जन्य वस्तुको उत्खनन गर्न रोक लगाउने ।<br>- विपद वयवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम गर्ने<br>- भू उपयोग तथा एकीकृत बस्ती विकास योजना कार्यान्वयनमा ल्याउने ।<br>- बाक्लो बस्ती र जोखिम क्षेत्रमा हेलीप्याड निर्माण गर्ने<br>- विपद व्यवस्थापन सम्बन्धी छुट्टै योजना र कार्यक्रम कार्यान्वयन गर्ने<br>- राहत सामग्रीको पर्याप्त भण्डारण गर्ने<br>- सम्बन्धित संघ संस्थाहरुसँग सहकार्य गर्ने<br>- वृक्षारोपण, वायो-ईन्जिनियरीङ्गको कार्यक्रम गरी कार्यान्वयन गर्ने<br>- संघ, प्रदेश, दातृसंस्था तथा समुदायसँगको सहकार्यमा अल्पिकरणका कार्यक्रम संचालन गर्ने<br>- 'एक व्याक्ति- एक रुख' हुर्काउने योजनालाई कार्यान्वयन गर्ने<br>- राष्ट्रियस्तरका ठूला कार्यक्रमहरु ल्याउन पहल गर्ने |

### २.३.५ संस्थागत विकास र सेवा प्रवाह

नगरपालिकाको संगठनात्मक अवस्था हेर्दा नगर कार्यपालिका, नगरसभा, विषयगत शाखा, वडा कार्यालय र विषयगत समितिहरु रहेका छन् । वडा कार्यालयहरुमा सचिव, लेखापाल र सामाजिक परिचालकहरु समेत रहेका छन् । यस नगरपालिकामा स्वास्थ्य चौकी, प्रहरी चौकी, कृषि, हुलाक, वन, खाद्य तथा पशु सेवा केन्द्र जस्ता सरकारी कार्यालयहरुले सेवा प्रवाह गरिरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४; अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०५५ प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ र कर्मचारी समायोजन ऐन, २०७४; लगायत प्रचलित ऐन, नीति, नियम र मापदण्डका प्रावधानलाई समेतले नगरपालिकालाई शासन सञ्चालन तथा सेवा प्रवाहलाई परिणाममूखी र प्रभावकारी बनाउन नेतृत्वदायी तथा समन्वयकारी भूमिका निर्वाहको अपेक्षा गरेकोछ । विद्यमान स्थितिको चित्रण गर्ने, सरोकारवाला तथा साझेदारहरू, अन्तर स्थानीय तह, निजी, गैर सरकारी र नागरिकबीच समन्वय तथा साझेदारी विकास गर्ने विकासका आवश्यकता र संभावनाहरूका आधारमा नगरपालिकाको रणनीतिक (आवधिक) तथा बार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा गराउने, आयोजना तथा कार्यक्रमको नतिजामूलक ढंगले अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यहरूमा नगरपालिकाको प्रमुख दायित्व रहन्छ ।

साँफेबगर नगरपालिकाको मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, राजस्व परिचालन, वित्तिय अनुशासन, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण, सूचना तथा सञ्चार व्यवस्थापन सम्बन्धी शिर्षकहरुमा विश्लेषण गरि संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७: सुशासन तथा संस्थागत विकास (संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्था)**

**क. सुशासन, ऐन, नियम तथा जवाफदेहिता**

सुशासन तथा संस्थागत विकास अर्न्तगत सुशासन, ऐन, नियम तथा जवाफदेहिता उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| – २३ वटा स्थानीय ऐन नियम तथा कार्यविधिहरु रहेको ।<br>– वडा कार्यालयबाट सार्वजनिक सुनुवाई वार्षिक १ पटक गर्ने गरेको ।<br>– सार्वजनिक परिक्षण अभ्यास रहेको ।<br>– नागरिक वडापत्र बनेको ।<br>– सेवा प्रवाह सम्बन्धी सूचना अधिकारी, प्रवक्ता तोकिएको तथा गुनासो सुन्ने व्यवस्था रहेको ।<br>– विद्युतिय शासनको मान्यता अनुरुप हरेक सूचनाहरु सामाजिक सञ्जालमा प्रेषित गरि जनताको सूचनाको हक प्रत्याभुत गरिएको ।<br>– ईमेल ईन्टरनेटको प्रयोग गरिदै आएको ।<br>– नपाको सूचना मोवाइल तथा वेवसाइट प्रवाह भएको | – स्थानीय तहको जिम्मेवारी वहनका लागि आवश्यक सबै ऐन, नियम तथा कार्यविधिहरु बनाउन बाँकि रहेको ।<br>– सार्वजनिक सुनुवाइमा प्रभावकारी तथा व्यवस्थित अभ्यासको कमी रहेको ।<br>– सार्वजनिक परिक्षण प्रभावकारी तथा व्यवस्थित अभ्यासको कमी रहेको ।<br>– उपभोक्ता समितिमा सार्वजनिक परिक्षण सम्वन्धि ज्ञान सिपको कमी रहेको ।<br>– नागरिक बडापत्र सार्वजनिक रुपमा राख्न बाँकी । | – तर्जुमा भएका ऐन , नियम तथा कार्यविधि प्रभावकारी रुपमा जानकारी तथा कार्यान्वयन गर्ने<br>– सार्वजनिक सुनुवाइ व्यवस्थित गरि चौमासिक रुपमा गर्ने<br>– उपभोक्ता समितिमा सार्वजनिक परिक्षण सम्वन्धी क्षमता विकास कार्यक्रम संचालन गर्ने<br>– सबै कार्यालयहरुमा नागरिक वडापत्र तयार गरि प्रभावकारी विधि द्वारा जनतालाई जानकारी गराउने<br>– आवश्यक दक्ष जनशक्ति र सेवाको गुणस्तर बृद्धि गर्ने<br>– कार्यविधि वनाई सेवा ग्राहीको सन्तुष्टि मापन गर्ने<br>– सूचना अधिकारी र गुनासो सुनुवाईको कार्यविधि तय गर्ने लागु गर्ने तथा प्रभावकारी कार्यान्वयन गर्ने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| – न्यायिक समिति सक्रिय रहेको<br>– नपा केन्द्र, वडा तथा विषयगत शाखाहरुको सेवामा सेवाग्राही सन्तुष्ट रहेको ।<br>– पत्रपत्रिका ,रेडियो मार्फत नगरपालिकाले सम्पुर्ण वजेट तथा कार्यक्रम सम्बन्धि सुचना सम्प्रेषण गर्ने गरेको । | – सामाजिक जवाफदेहिता, पारदर्शिता तथा उत्तरदायित्व सम्वन्धी कार्यविधि तथा प्रभावकारी अभ्यास को कमी भएको<br>– समयमा पेस्की फरछ्यौट तथा बेरुजु असुलउपर प्रभावकारी रुपले हुन नसकेको | – तेश्रो पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्ने<br>– सुशासन तथा पारदर्शिताको कार्यविधि तयार गरि लागु गर्ने<br>– समयमा पेस्की फरछ्यौट हुन तथा बेरुजु असुलउपर गर्न प्रभावकारी कदम चाल्ने ।<br>– हेलो सरकार,चेक लिस्ट, सुचना प्रवाह, स्टडी सर्कल, सार्वजनिक बैठक अर्न्तक्रिया, ई गभरनेन्स, वाच डग ग्रुप, सन्तुष्टि सर्वेक्षण हरुको व्यवस्थापन गर्ने |

## ख. संस्थागत संरचना तथा मानव संशाधन

सुशासन तथा संस्थागत विकास अन्तगत संस्थागत तथा मानव संसाधन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| – न.पा केन्द्र भवन आफ्नै २ तला १४ कोठा ।<br>– ५ वटा वडा कार्यालयको आफ्नै भवन । (६, ९, १०, ११, १३) बाँकी भाडामा ।<br>– १४ वटै वडामा कम्प्युटर पुगेको ।<br>– बिजुली पुगेको वडा ८ वटा वडा ६ वटा सोलारवाट चलेको ।<br>– १४ वटा वडामा ६ जना वडा सचिब खटाईएका<br>– ६१ जना कर्मचारी मध्ये न.पा.मा रहेका कर्मचारी संख्या २७ जना वडामा रहको ३४ जना<br>– ३ पटक कार्यपालिका सदस्यहरुलाई क्षमता बिकास सम्वन्धी स्थानीय सरकार संचालन सम्वन्धी तालिम प्रदान<br>– १ पटक सभाका सदस्यहरुलाई क्षमता बिकास सम्वन्धी स्थानीय सरकार संचालन सम्वन्धी तालिम प्रदान<br>– वडा अध्यक्षहरुलाई सूचना प्रबिधि सम्वन्धी ५ दिने तालिम प्रदान<br>– ४२ वटा सहकारी संस्था रहेका<br>– आमा समुह र कृषक समुह रहेका<br>– ३ र ४ नं. वडामा टेलिफोन सहित ईन्टरनेट सुचारु रहेको ।<br>– २ जे.सि.बि., २ जिप, १ टिप्पर, १ ट्याक्टर, ४ वटा नगरमा रहेको । | – वडा कार्यालय र न.पा.को भवन प्रयाप्त र कार्यकक्ष नरहेको ।<br>– ६ वटा वडामा बिद्युत लाईन नपुगेको ।<br>– ८ जना वडा सचिबको कमी ।<br>– नपा र वडा कार्यालयमा बैठक हल प्रयाप्त नरहेको ।<br>– ५ जना सचिबले १ भन्दा वडा हेरेको<br>– कर्मचारीहरु आवश्यकता अनुसार प्रयाप्त नरहेको<br>– न.पा.को संगठन चार्ट अनुसारको शाखा नरहेको<br>– १ जना सचिवले न.पा.को र वडाको जिम्मेवारी लिएको<br>– १२ वटा वडा (३ र ४) वाहेक टेलिफोन र ईन्टरनेट नरहेको ।<br>– नयाँ जिम्मेवारी अनुसार सचिबहरुको क्षमता प्रयाप्त नभएको ।<br>– जिम्मेवारी अनुसार जनप्रतिनिधिहरुको क्षमता प्रयाप्त नभएको ।<br>– सूचना प्रविधिवाट सेवा प्रवाह गर्न जनशक्तिको अभाव र भएका जनशक्तिहरुको क्षमतामा कमी रहेको ।<br>– दरबन्दी अनुसार पर्याप्त कर्मचारी नभएको ।<br>– स्थानिय सरकार सञ्चालन सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरुमा समय सापेक्ष तथा आवश्यकता अनुसार ज्ञान शिप तथा सूचना प्रवाहमाको कमी ।<br>– स्वच्छ खानेपानी व्यवस्थित शौचालयको कमी रहेको । | – ९ वटा वडा कार्यालयको सम्पूर्ण सेवा प्रवाहका लागि भवन निर्माण गर्ने<br>– सबै वडा र नपाको बिषयगत शाखाको कार्यकक्ष व्यवस्थीत गर्ने<br>– सबै वडा र नपामा सभाहल व्यवस्थीत गर्ने<br>– ९ वटा वडामा बिद्युत लाईनको बिस्तार गर्ने<br>– सबै वडा र नपामा कर्मचारी पदपूर्तिको लागि पहल गर्ने<br>– सबै शाखा गठन गरी कार्य विवरण स्पष्ट गर्ने<br>– १२ वटा वडामा टेलिफोन र ईन्टरनेटको व्यवस्था गर्ने<br>– वडा सचिबहरुको क्षमता बिकासका ( योजना र बजेट, सूचना प्रविधि, लेखा प्रणाली अभिलेखिकरणका लागि आवश्यक कार्यक्रम गर्ने<br>– जनप्रतिनिधिहरुलाई क्षमता बिकास ( स्थानीय सरकार संचालन सम्वन्धी पुनः, सूचना प्रविधि) सम्वन्धी थप तालिम संचालन गर्ने<br>– न्यायीक तथा बिषयगत समितिहरुको क्षमता बिकासका लागि तालिम गर्ने<br>– न्यायिक समितिको लागि ईजलासको व्यवस्था गर्ने<br>– मेलमिलाप सम्वन्धी सभालाई तालिम संचालनको व्यवस्था गर्ने<br>– जनप्रतिनिधिलाई सूचना प्रविधिको क्षमता अभिवृद्धि तालिम संचालन गर्ने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| | | – वडा कार्यालय र नपामा स्वच्छ खानेपानी व्यवस्थित शौचालय व्यवस्थित गर्ने |

## ग. श्रोत परिचालन

सुशासन तथा संस्थागत विकास अन्तर्गत स्थानीय वित्त तथा श्रोत परिचालन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| – आन्तरिक आय ४६ लाख भएको<br>– बैंक व्याज ४४ लाख भएको<br>– संघीय अनुदान ३७ करोड ४४ लाख भएको<br>– केन्द्रिय राजश्व वाडफाड ८ करोड ३९ लाख ।<br>– प्रदेशको अनुदान बित्तिय समानिकरण ७० लाख ४७ हजार भएको ।<br>– प्रदेश राजश्व बाडफाड ३७ लाख ८५ हजार ।<br>– विभिन्न विकास विषयमा कार्य गर्न साझेदारहरु रहेको.....रकम रहेको ।<br>– श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन भएको ।<br>– राजश्व परामर्श समिति गठन भएको ।<br>– ५ वटा बैंक लगायत ९ वटा वितिय संस्थाहरु रहेको ।<br>– नगरको सवारी साधन डोजर, टिप्पर, ट्याक्टर बहालमा लगाएर आन्तरिक आय संकलन गर्ने गरेको ।<br>– एकीकृत सम्पत्ति कर लागू गरी आन्तरिक आय संकलन गर्ने गरेको ।<br>– प्राकृतिक स्रोत बिक्री (ढुंगा, बालुवा, गिटी) आन्तरिक आय संकलन गर्ने गरेको । | – स्थानिय तहको अधिकार क्षेत्र अनुसारको आन्तरिक आय संकलनमा कमी रहेको ।<br>– डोजर (जे.सी.वी.) बाट केही रकम संकलन हुन बाँकी रहेको ।<br>– व्यवसाय कर प्रभावकारीरुपमा संकलन गर्न नसकिएको ।<br>– एकीकृत सम्पत्ति कर सबै वडामा लागू गर्न बाँकी रहेको ।<br>– आन्तरिक आयको लागि व्यवस्थित अध्ययन र प्रक्षेपण हुन बाँकी ।<br>– नपाको बिकासका लागि संघिय अनुदान प्रयाप्त नरहेको ।<br>– सबै विकास साझेदारहरुको लगानी र समन्वयको कमी भएको ।<br>– आन्तरिक नियन्त्रण प्रणालीका लागी संरचना तथा कार्यविधि नभएको ।<br>– गत आ.व.को वेरुजु रहेको ।<br>– निजी क्षेत्रहरुले पर्याप्त विकास कार्यमा र न.पा.क्षेत्रसँग समन्वय नगरी लगानी गरेको ।<br>– ऐलानी जग्गामा बसोबास गरे बापतको बहाल बित्तौरी शुल्क उठाउन नसकिएको । | – आन्तरिक आयको सम्भावनाको व्यवस्थित अध्ययन र प्रक्षेपण गर्ने<br>– करको दायरा फराकिलो बनाई नितिगत सुधार गरी आन्तरिक आयमा बृद्धि गर्ने<br>– आर्थिक ऐन संशोधन गरी नयाँ स्रोत र दायरा थप गर्ने<br>– आवश्यकता अनुसार संघमा बजेटको मागका लागि पहल गर्ने<br>– सम्पूर्ण विकास साझेदारहरुसँग समन्वय गरी गर्ने निति ल्याउने ।<br>– प्रचलित ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीका लागी संरचना तथा कार्यविधि तयार पारी लागू गर्ने<br>– वेरुजु न्यूनिकरणका लागी निति तथा कार्यक्रर्म शुन्य बेरुजु हुने व्यवस्था गर्ने<br>– निजी क्षेत्रसँग समन्वय गरी लगानी गर्ने वातावरण बनाउने । |

## घ. योजना व्यवस्थापन

सुशासन तथा संस्थागत विकास अन्तरगत  योजना व्यवस्थापन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| – स्थानीय सरकार शासन संचालन ऐन २०७४ भित्र रहेर वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको ।<br>– वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धी नमूना कार्यविधि रहेको । | – ऐनको व्यवस्था अनुसार र संघीय सरकारले प्रदान गरे अनुसारको योजना तथा बजेट तर्जुमाको समय अनुसार पछि परेको<br>– योजना तर्जुमा समितिमा विषयगत विज्ञहरुको कमी रहेको | – ऐन तथा कार्यविधिको प्रावधान र समय अनुसार सबै चरण र समयमा  पुरा गर्ने<br>– पदाधिकारी र कर्मचारीको योजना तर्जुमा, कार्यान्वयन अनुगमन सम्बन्धी क्षमता अभिबृद्धिगर्ने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौती | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| – जनसंख्या र भुगोलको आधारमा वडामा बजेट सिलिग तोक्ने गरेको ।<br>– नगर वस्तुगत विवरण तयारी भइरहेको<br>– बजेट तथा कार्यक्रम तर्जुमा समिति रहेको<br>– वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यविधि संघीय सरकारबाट जारी गरिएको ।<br>– विषयगत समिति गठन भएको<br>– अनुगमन समिति संघीय सरकारबाट ऐनमा व्यवस्था भएको ।<br>– उपभोक्ता समिति परिचालन सम्बन्धी कार्यविधि भएको । | – कार्ययोजना तर्जुमा गरी नतिजामूलक अभ्यास मा कमी रहेको ।<br>– योजना तर्जुमा तथा कार्यान्वयनको लागि कर्मचारीको संख्या र ज्ञान सिपमा कमी रहेको ।<br>– योजना तर्जुमा तथा कार्यान्वयनको लागि जनप्रतिनिधिको ज्ञान र सिपमा कमी रहेको ।<br>– प्रभावकारी अनुगमन तथा सुपेरिवेक्षण सम्बन्धि कर्मचारी तथा जनप्रतिनिधिहरुको ज्ञान सिपमा कमी रहेको | – कर्मचारीहरुका लागि वार्षिक योजना तर्जुमा सम्बन्धि क्षमता विकास कार्यक्रम संचालन गर्ने,कर्मचारी संख्या बृद्धि गर्ने<br>– जनप्रतिनिधिहरुका लागि वार्षिक योजना तर्जुमा सम्बन्धि क्षमता विकास कार्यक्रम संचालन गर्ने<br>– नतिजामुलक आवधिक योजना तथा क्षेत्रगत रणनीतिक योजना तर्जुमा गर्ने ।<br>– प्रभावकारी अनुगमन तथा सुपेरिवेक्षण सम्बन्धि कर्मचारी तथा जनप्रतिनिधिहरुका क्षमता विकास कार्यक्रम संचालन गर्ने |

# परिच्छेद ३

## योजना अवधारणा तथा प्रारूप

### ३.१ नगर विकासको दीर्घकालिन सोच

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा सहभागीहरु विचको छलफल, विषयविज्ञको सुझाब तथा परामर्शका आधारमा तयार गरिएको विकासका संभावना, अग्रणी क्षेत्र, नगरवासीले चाहेको अवस्थालाई केन्द्रमा राखी दीर्घकालीन सोच तयार गरिएको छ ।

**"सुन्दर समृद्ध साँफेबगरः बनाऔं राष्ट्रकै नमूना नगर"**

### ३.२ लक्ष्य तथा उद्धेश्य

साँफेबगर नगरपालिकाको समष्टिगत विकासका लागि ***साँफेबगरबासीको आय, रोजगारी तथा जीवनस्तरमा गुणात्मक सुधार गर्ने*** मुख्य लक्ष्य निर्धारण गरिएको छ । साथै यस योजनाले निर्धारित विकास लक्ष्य प्राप्त गर्न देहायअनुसारको उद्देश्य निर्धारण गरेको छ :

- कृषि, पशुजन्य र औद्योगिक उत्पादन एवम् उत्पादनशील सेवा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने ।
- स्थानीय स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा सेवाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने ।
- अन्तरसम्वन्ध विकास र सेवा सुविधाको स्तर र पहुँच बृद्धि गर्ने ।
- वन, जैविक विविधता, जल र जमीनको दीगो संरक्षण र उपयोग गर्ने ।
- नगरपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र सेवा प्रवाहको स्तर बृद्धि गर्ने

### ३.३ प्राथमिकता तथा रणनीतिहरू

नगरपालिका क्षेत्रको समिष्टगत विकासकालागि आवधिक योजनाले देहायअनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई संचालन गर्ने रणनीति अवलम्बन गरिने छः

- कृषि, पर्यटन तथा पशुजन्य उपजको व्यवसायीकरण, विविधिकरण तथा उद्योग व्यवसायको सिर्जना र विकासद्धारा दीगो रोजगारी, आय तथा खाद्य सुरक्षामा बृद्धी गर्ने
- गुणस्तरीय र व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानी, सामाजिक सुरक्षा तथा सशक्तिकरणद्धारा स्वथ्य, सिर्जनशिल र सीपयुक्त मानव संशाधनको विकास गर्ने
- व्यवस्थित यातायात तथा बजार, आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विकासद्वारा अन्तरसम्वन्ध विकास र सेवा सुविधास्तर र पहुँच बृद्धि गर्ने
- वातावरण तथा विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन, समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धनलाई स्थानीय तहको विकास प्रक्रियामा एकीकृत गरी विकास नतिजालाई समावेशी, उत्थानशील र दीगो बनाउने

### ३.४ नतिजा तालिका

नगर विकासका प्रयासहरुलाई एकीकृत गरी नगर विकासको मूल ध्येयतर्फ अग्रसर गराउन तथा लक्ष्य प्राप्त गर्न नतिजामूलक योजनाको ढाँचामा एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गरिएको छ। नतिजामूलक ढाँचा परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको छ। योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत विकास र सुशासन क्षेत्रहरुमा एकीकृत गरिएको छ । परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको नगरपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिका देहायअनुसार रहको छ ।

## तालिका ८: आवधिक योजनाको नतिजा तालिका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७७/७८ | ०७९/८० | | |
| **लक्ष्य**<br>नगरबासीको रोजगारी आय तथा जीवनस्तरमा गुणात्मक सुधार गर्ने | बार्षिक आम्दानी रु. ५० हजारभन्दा कम हुने परिवार | प्रतिशत | १८ | १० | ५ | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– अध्ययन प्रतिवेदन<br>– मूल्याङ्कन प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – |
| | आफ्नो उत्पादन र आम्दानीबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | २७ | ३५ | ४५ | | |
| | खाद्यान्न उत्पादन (वासलात) धान चामल | मे.टन | ३९९५ | ५००० | ६००० | | |
| | प्रति व्यक्ति खाद्यान्न उत्पादन वार्षिक | केजि | १०४ | २०० | ३०० | | |
| | आम्दानीको २/३ तिहाईभन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ३० | २५ | १८ | | |
| | साना किसान तथा उत्पादकको औषत वार्षिक आय | रु. | ५०,१८६ | १००,००० | १५०,००० | | |
| | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | रु. | १७४,८२२ | २२५,००० | २५०,००० | | |
| | वैदेशिक रोजगारीमा गएकाको संख्या | संख्या | २०१ | १७५ | १५० | | |
| | स्नातक तह उतीर्ण जनसंख्या | जना | १६३६ | २००० | २५०० | | |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | जना | ११ | ५५ | १०० | | |
| | कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | ११ | ९ | ७ | | |
| | मापदण्डअनुसार बनेका आवास घर | संख्या | ३ | | २०० | | |
| | पक्की सडकमा पुग्न लाग्ने औषत समय | घण्टा | ४ | २ | १ | | |
| | रुख विरुवाले ढाकेको वा हरियाली क्षेत्र | हेक्टर | ३०५६ | ४०५६ | ५०५६ | | |
| | नगरपालिकाकाको नीति, कानून निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ७० | ८५ | १०० | | |
| | बैंक र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | घण्टा | ५ | २ | १ | | |
| **असर १ :** कृषि, पशुजन्य र औद्योगिक उत्पादन एवम् उत्पादनशील सेवा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने | गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर घर परिवार | प्रतिशत | ३३ | ४० | ५० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ ।<br>– संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ । |
| | कृषि तथा पशुपालन व्यवसायमा संलग्न परिवार | प्रतिशत | ६७ | ६० | ५० | | |
| | कृषि उपजहरुको बार्षिक मूल्य (एकमुष्ट) हजार | रु. | २२४८८५ | ३००००० | ४००००० | | |
| | पशुपंक्षी र सोजन्य उत्पादन मूल्य (बार्षिक) हजार | रु. | ८५४४१ | १५०००० | २००००० | | |
| | औद्योगिक वस्तु र सेवा उत्पादन मूल्य (बार्षिक) | रु. | १००००० | १५०००० | २५०००० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७७/७८ | ०७९/८० | | |
| | उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ८२२ | १००० | १२०० | | – सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>– जलवायु परिवर्तन र विपदको असर न्युन हुनेछ ।<br>– वस्ती एकीकृत र सुरक्षित हुनेछ । |
| | निकासीजन्य उद्योग | संख्या | ० | ५ | १० | | |
| | भमण गर्ने बार्षिक पर्यटक (वाह्य) | संख्या | २७० | ५०० | १००० | | |
| | भ्रमण गर्ने बार्षिक पर्यटक (आन्तरिक) | संख्या | १५००० | २०००० | ३०००० | | |
| | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | जना | ५ | २० | ५० | | |
| | वैकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ७१ | ८५ | ९५ | | |
| | उत्पादन र बजारीकरण सहकारीमा आवद्ध सदस्य | संख्या | ३००० | ४५०० | ५५०० | | |
| **प्रतिफल १.१:** कृषि तथा कृषिजन्य उपजको व्यवसायिकरण, विविधिकरण र उत्पादन बृद्धि भएको हुनेछ । | व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | १८ | ५० | १५० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – कृषि विकास रणनीतिको कार्यान्वयन हुनेछ ।<br>– सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ ।<br>– कृषि सेवा तथा प्रविधि प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ ।<br>– बजार अवधारणा अनुसार कृषकको नेतृत्वमा कृषी अनुसन्धान र प्रविधि हस्तान्तरण हुनेछ ।<br>– जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ<br>– कृषि वातावरणीय ह्रास कम हुनेछ । |
| | आलु व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | ४०० | १००० | २००० | | |
| | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | १०० | ४०० | १००० | | |
| | अगुवा वा व्यवसायिक कृषक | संख्या | ८३ | १५० | २५० | | |
| | क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | ५ | १० | ३० | | |
| | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | ५ | ५० | १५० | | |
| | सक्रिय व्यवसायिक कृषक सूमह | संख्या | १२८ | १५० | २०० | | |
| | खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन | मे.ट. | ३९९५ | ६००० | ८००० | | |
| | तरकारी उत्पादन | मे.ट. | २०९ | ३०० | ५०० | | |
| | फलफुल उत्पादन | मे.ट. | ६९ | १०० | २०० | | |
| | दुधजन्य उत्पादन | मे.ट. | १०२३ | १२०० | १५०० | | |
| | मह उत्पादन | मे.ट. | १ | ३ | ५ | | |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | ० | १ | ३ | | |
| | कृषि सहकारी संस्था | संख्या | ३ | १० | १५ | | |
| | कृषि सहकारीमा आवद्ध कृषक | संख्या | ३०० | १००० | १५०० | | |
| | रष्टिक स्टोर क्षमता | संख्या | ० | ५ | ८ | | |
| | कृषि उपज संकलन तथा बजार प्रवर्धन केन्द्र | वटा | १ | ८ | १५ | | |
| **प्रतिफल १.२** सिंचाई सुविधा विस्तार र विकास भएको हुनेछ । | १२ है महिना सिंचाई हुने क्षेत्र | रोपनी | ९०० | २००० | ३००० | – नगर वस्तुगत विवरण<br>– सर्वेक्षण प्रतिवेदन, सिंचाई कार्यालयका प्रतिवेदन् | – कृषि विकास रणनीतिको कार्यान्वयन हुनेछ ।<br>– सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ । |
| | प्रयोगमा आएका सिचाई प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट आदी) | संख्या | २ | ३ | ४ | | |
| | सुचारु सिंचाई आयोजना | संख्या | ९२ | १५० | २०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७७/७८ | ०७९/८० | | |
| | | | | | | – प्रगति/अनुगमन प्रतिवेदन | – कृषि सेवा तथा प्रविधि प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ । |
| **प्रतिफल १.३** व्यवसायिक पशुपालन एवं पशुपंक्षीजन्य उत्पादनमा वृद्धि भएको हुनेछ । | व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | ५०० | ८०० | १२०० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – कृषि विकास रणनीति कार्यान्वयन हुनेछ ।<br>– सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ<br>– पशु सेवा र प्रविधि प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ ।<br>– जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ |
| | बार्षिक खरिद बिक्री खसी, बोका | संख्या | ९९८० | १५००० | २०००० | | |
| | व्यवसायिक पशुपालन फर्म | संख्या | ५१ | ७५ | १०० | | |
| | भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | ० | ५० | १०० | | |
| | सक्रिय पशुपालन समूह | संख्या | १५ | २० | २५ | | |
| | नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ० | १ | १ | | |
| | क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | जना | २२ | ३० | ४० | | |
| | पशुपालनसम्बन्धी उपलब्ध प्रविधि, (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन....) उपयोग गर्ने घरपरिवार | प्रतिशत | ३० | ५० | ६० | | |
| | दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ० | १ | १ | | |
| **प्रतिफल १.४:** स्थानीय कच्चा पदार्थ र सीपमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास तथा औद्योगिक उत्पादनमा वृद्धि भएको हुनेछ । | चालु लघु उद्योग | संख्या | ५ | १० | १५ | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय शासन व्यवस्था अनुसार उद्यम तथा व्यापार प्रवर्धन सम्बन्धी संघीय तथा स्थानीय कानून तथा नीति तत्काल तर्जुमा भई कार्यान्वयन हुनेछ ।<br>– निजी क्षेत्र बीच स्वस्थ्य प्रतिस्पर्धा हुनेछ । |
| | चालु घरेलु उद्योग | संख्या | १५ | २५ | ५० | | |
| | चालु साना उद्योग | संख्या | ० | २ | ५ | | |
| | सुचारु व्यापार व्यवसाय | संख्या | ७०९ | १००० | | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति | संख्या | ७२४ | १००० | १२०० | | |
| **प्रतिफल १.५:** पर्यटकीय पूर्वाधार विकास तथा पर्यटकीय सेवा र सुविधाको प्रवर्धन भएको हुनेछ । | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | १ | २ | ४ | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय संरचना अनुसार पर्यटन प्रर्वधन संबन्धी संघीय कानून तथा नीति तर्जुमा हुनेछ ।<br>– क्षेत्रीय अवधारणा अनुसार<br>– संघ, प्रदेश तथा स्थानीय सरकार, विकास साझेदार र निजी क्षेत्रबाट पर्यटन विकासमा लगानी हुनेछ । |
| | उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार | संख्या | ० | १ | ३ | | |
| | पर्यटकीयस्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | १९ | ३० | ५० | | |
| | तालिम प्राप्त टुर गाइड | संख्या | २२ | ३० | ५० | | |
| | व्यवस्थित वनभोज स्थल तथा पार्क | संख्या | ३ | ५ | १० | | |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संस्था | ० | २ | ५ | | |
| | तालिम प्राप्त कुक तथा वेटर | संख्या | २२ | ४० | ५० | | |
| | संचालित तथा व्यवस्थित पदमार्गको लम्बाई | कि.मि. | ४ | १० | २० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७७/७८ | ०७९/८० | | |
| **प्रतिफल १.६:** वित्तीय सेवा तथा सुविधाको पहुँचमा अभिबृद्धी हुनेछ । | सुचारु वैक | संख्या | ५ | | | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय संरचना अनुसार वित्तीय सेवा प्रदायकको सेवा समायोजन हुनेछ ।<br>– वित्तीय सेवा र सुविधा स्थानीय तहमा विस्तार हुनेछ । |
| | सेवा सुचारु सहकारी तथा वित्तीय सेवा प्रदायक | संख्या | ५४ | ६० | ७० | | |
| | उपलब्ध कारोबारको किसिम (बचत र लगानी, रेमिट, मुद्रा सटही, व्यवसायिक परामर्श) | प्रकार | ३ | ४ | ५ | | |
| **असर २:** आधारभूत शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा सेवाको उपलब्धता, गुणस्तर तथा उपयोगमा बृद्धि गर्ने । | १५ देखि ६० वर्षसम्मका साक्षर जनसंख्या | प्रतिशत | ७५.१० | ८२ | ९० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ ।<br>– संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>– सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित कार्यक्रममा निरन्तरता हुनेछ । |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३४४ | ४७५ | ५०० | | |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३१८ | ५५० | ८०० | | |
| | ३० मिनेटभित्र आधारभूत स्वास्थ्य सेवामा पहुँच जनसंख्या | प्रतिशत | २० | ५० | ७० | | |
| | प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल पुग्न लाग्ने औषत समय | मिनेट | १२० | ८० | ६० | | |
| | घरमै पाइपप्रणाली वा सुरक्षित खानेपानीको सेवा उपयोग गर्ने घरपरिवार | संख्या | ३५१ | २००० | ४००० | | |
| | स्नातकतह उतीर्ण अपाङ्ग | संख्या | ३५ | ५९ | ८० | | |
| | स्नातक तह उत्तिर्ण गर्ने महिला | संख्या | ४०० | ६०० | ८०० | | |
| | स्नातक तह उतिर्ण दलित | संख्या | २०० | ४०० | ६०० | | |
| | स्थानीय समिति/संरचनाको नेतृत्वदायी पदमा महिला तथा अन्य लक्षित वर्गको प्रतिनिधित्व | प्रतिशत | ३५ | ४५ | ५० | | |
| | जिल्ला/क्षेत्रीयस्तर व्यवसायिक खेलाडी | जना | ६ | ८ | १२ | | |
| | पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने महिला | प्रतिशत | ६० | ७५ | ९० | | |
| | जीवनपयोगी सीप प्राप्त तथा क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | वटा | ४९७ | ७५० | १००० | | |
| **प्रतिफल २.१:** आधारभुत, माध्यामिक, प्राविधिक शिक्षा र उच्च शिक्षमा सहज पहुँच र शैक्षिक गुणस्तरमा अभिबृद्धि भएको हुनेछ । | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | जना | ९५ | ६० | १५ | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– अभिभावक तथा स्थानीय सरोकारवालाको प्रतिबद्धता र |
| | प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्ष सम्मका बालबालिका | प्रतिशत | १५६१ | १५७० | १६०० | | |
| | कक्षा ८ को उतिर्ण दर | प्रतिशत | ८७.७३ | ९० | ९३ | | |
| | कक्षा १० को उतिर्ण दर | प्रतिशत | ३२.६० | ४० | ६० | | |
| | कक्षा १२ को उतिर्ण दर | प्रतिशत | ६० | ७० | ८० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु: सूचक – विवरण | इकाई | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) ०७७/७८ | ०७९/८० | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | कक्षा ८ सिकाई उपलब्धी दर | प्रतिशत | ३९.१६ | ५० | ६० | – विद्यालय सुधार योजना प्रतिवेदन | सहभागितामा अभिबृद्धि हुनेछ ।<br>– सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>– नगरपालिकाबाट सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रम तर्जुमा र पालना हुनेछ ।<br>– स्थानीयस्तरमा सरकारी, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | कक्षा १० औषत उपलब्धी दर | जिपिए | १.८ | २ | २.६ | | |
| | कक्षा १२ को औषत उपलब्धी दर | जिपिए | २ | २.५ | ३ | | |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ६०.०१ | ६५ | ८० | | |
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ५१.४२ | ५५ | ६० | | |
| | बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | ५०.४७ | ७० | ८० | | |
| | वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध | विद्यालय | ५० | ७० | ८० | | |
| | छात्रवृत्ती पाउने विद्यार्थी संख्या | संख्या | ३७६६ | ४००० | ५००० | | |
| | शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) | संख्या | १:२४ | १:२४ | १:२४ | | |
| | महिला शिक्षकको अनुपात | संख्या | १:५ | १:३ | १:३ | | |
| | व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | विद्यालय | ६ | १२ | १६ | | |
| | प्राविधिक विद्यालय | संख्या | ५ | ७ | ८ | | |
| | उच्च शिक्षा क्याम्पस | संख्या | २ | २ | ४ | | |
| **प्रतिफल २.२:** आधारभूत तथा विशिष्ट स्वास्थ्य सेवामा सहज पहुँच तथा गुणस्तरमा वृद्धी भएको हुनेछ । | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | प्रतिशत | ७० | ८० | ९० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ ।<br>– राजनीतिक प्रतिबद्धता तथा स्थानीय तहका सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | संख्या | २५ | १५ | ५ | | |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ८५ | ९० | ९५ | | |
| | भाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | ३६४ | २०० | १२० | | |
| | स्वाशप्रश्वासको संक्रमण (ARI) दर (प्रति हजारमा) | जना | ३१३ | २३० | १५० | | |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | १५२ | १८५ | २२० | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ३०.८२ | ४५ | ६० | | |
| | मातृ मृत्युदर (प्रति हजारमा) | संख्या | ३ | १ | ० | | |
| | बाल मृत्युदर (प्रति हजारमा) | संख्या | १० | ३ | ० | | |
| | स्वास्थ्य विमा गर्ने परिवार | प्रतिशत | ८ | ६० | १०० | | |
| | स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागि | प्रतिशत | ५० | ६० | ७० | | |
| | स्वास्थ्य शिविर पटक | पटक | २ | १२ | २० | | |
| | मासिक रुपमा फलोअपमा आएका विरामी | प्रतिशत | ३० | ६० | ८० | | |
| | स्वास्थ्य संस्थामा उपलब्ध न्यूनतम सेवा सुविधा | प्रकार | ७ | १० | १२ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७७/७८ | ०७९/८० | | |
| | क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | १४१ | १६० | १६० | | |
| | निजी तथा समुदायमा आधारित स्वास्थ्यकर्मी | संख्या | ९ | १५ | २० | | |
| | आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ८५ | ९० | १०० | | |
| | धुवारहित चुल्हो वा वैकल्पिक इन्धन प्रयोग गर्ने परिवार | संख्या | ५०२ | ३००० | ६६४७ | | |
| | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदी) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ४ | १० | १४ | | |
| **प्रतिफल २.३:** खानेपानी तथा सरसफाई सेवा सुविधाको पहुँच तथा र गुणस्तरमा बृद्धि भएको हुनेछ । | निजी धारा उपलब्ध घर परिवार | संख्या | ३५१ | २००० | ४००० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | संख्या | ४९९७ | ५८०० | ६६४७ | | |
| | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ३३ | ७० | १०० | | |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | संख्या | २२८० | ४५०० | ६६४७ | | |
| | सार्वजनिक शौचालय | संख्या | ५ | ८ | १० | | |
| | जोखिमयुक्त अवस्थामा साबुनपानीले हात धुने | प्रतिशत | ३५ | ६५ | ९५ | | |
| | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | संख्या | ० | ८०० | १५०० | | |
| | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | ३० | ४५ | ५५ | | |
| **प्रतिफल २.४:** लक्षित वर्ग तथा समुदायको सशक्तीकरण तथा स्थानीय नीति र निर्णयमा सहभागिता वृद्धी भएको हुनेछ । | परिवर्तित स्थानीय संरचना तथा कानून अनुसार समावेशी (दलित, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) समिति, संयन्त्र तथा संजाल | संख्या | १४ | १६ | २० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ । |
| | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | ३०० | २२० | १५० | | |
| | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ४० | ५५ | ७५ | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ४४७ | ९०० | १५०० | | |
| | उद्दार, उपचार र सहयोग प्राप्त गर्ने हिंसाजन्य घटना पीडित | संख्या | १५ | ९ | २ | | |
| | लक्षितवर्गबाट उजुरी गुनासो (बार्षिक) | संख्या | ६० | ३५ | १५ | | |
| | छाउगोठमा वस्ने छुइहुने उमेर समुहका महिला | प्रतिशत | ४७ | १५ | ० | | |
| | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | ६८०४ | ७००० | ७५०० | | |
| | घर व्यवहार तथा कारोबारसम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | संख्या | १९९४ | ३००० | ४००० | | |
| | वैदेशिक रोजगारीमा गएका युवा | प्रतिशत | ३० | २२ | १५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७७/७८ | ०७९/८० | | |
| **प्रतिफल २.५:** उत्पादनशिल तथा सिर्जनशिल युवाशक्तिको विकास तथा परिचालनमा अभिबृद्धि हुनेछ । | युवाक्लब, संजाल तथा संस्था | संख्या | २९ | ४० | ५० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।<br>– युवामैत्री वातावरण र लगानीमा बृद्धि हुनेछ । |
| | युवा संलग्न स्थानीय संरचना वा संयन्त्र | संख्या | १५ | २५ | ३५ | | |
| | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | ७ | २० | ३० | | |
| | कवर्डहल तथा खेलकुद मैदान | संख्या | ५ | १४ | २० | | |
| | नगरपालिकामा संचालित खेलकुद प्रतियोगिता | संख्या | २ | ८ | १२ | | |
| | प्रदेश तथा राष्ट्रियस्तर खेलाडी | संख्या | २० | ३० | ५० | | |
| | अन्तराष्ट्रिय खेलाडी संख्या | संख्या | ४ | ५ | ७ | | |
| **प्रतिफल २.६:** स्थानीय कला, भाषा र लोक सँस्कृतिको जगेर्ना तथा प्रवर्द्धन भएको हुनेछ । | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | ५ | ७ | १० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>– स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागितामा अभिबृद्धि हुनेछ । |
| | संरक्षित कला, सँस्कृति र सम्पदाका प्रकार | संख्या | २ | ३ | ५ | | |
| | कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्बन गर्ने व्यक्ति | संख्या | ५ | ७ | १० | | |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्यसंबन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ४ | ६ | ७ | | |
| | स्थानीय कला, संस्कृति, सम्पदा, भाषासाहित्यमा आधारित प्रकाशन | संख्या | ३ | ४ | ५ | | |
| **असर ३:** अन्तरसम्वन्ध विकास र सेवा सुविधाको स्तर र पहुँच बृद्धि गर्ने | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ५१ | ८० | १०१ | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति प्रतिवेदन | – संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ । |
| | ३० मिनेटको दुरी बजार केन्द्रमा पहुँच भएका परिवार | प्रतिशत | २८ | ४० | ५० | | |
| | प्रवर्द्धित तथा व्यवस्थित बजार | संख्या | ० | २ | ५ | | |
| | सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | संख्या | ७८ | ८५ | ९० | | |
| **प्रतिफल ३.१:** सडक एवं सहयोगी पूर्वाधारको विस्तार, विकास एवं यातायात सुचारु भएको हुनेछ । | यातायात सुचारु अन्तिम विन्दु (केन्द्र) | संख्या | १९ | ३० | ४० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | कालोपत्रे सडक | किमी | २८.५ | ३५.० | ४४ | | |
| | ग्राभेल सडक | किमी | २२.२५ | ५० | ७३ | | |
| | धुले सडक | किमी | १०६.५ | १४० | १६२ | | |
| | पक्की पुल (वेली समेत) | संख्या | ६ | ९ | ११ | | |
| | बुढीगंगा तथा सहायक नदीमा झोलुङ्गे पुल | संख्या | २२ | २४ | २५ | | |
| | यातायात सुचारु सडक लम्बाई | किमी | १५७.५ | २१० | २६६ | | |
| | नगर क्षेत्रमा सूचारु ४ पाँग्रे सार्वजनिक सवारी साधन | संख्या | ० | २५ | ४५ | | |
| | नियमित मर्मत संभार भएको सडकको लम्बाई | किमी | २८.५ | ५० | ७८ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७७/७८ | ०७९/८० | | |
| | वायोइन्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | किमी | २८ | ४२ | ५३ | | – संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ। |
| **प्रतिफल ३.२** बजार, आवास, वस्ती र सार्वजनिक निर्माण एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुनेछ। | प्रवर्द्धित तथा सुरक्षित आवास क्षेत्र | हेक्टर | ० | ० | २०.३५ | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | भूकम्प प्रतिरोधी भवन निर्माणसंबन्धी दक्ष व्यक्ति | संख्या | ० | ६० | १०० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | ६ | ९० | १५० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | संख्या | २ | ३० | ५० | | |
| | आधारभूत पूर्वाधारसहित व्यवस्थित बजार | संख्या | २ | ४ | ५ | | |
| **प्रतिफल ३.३:** विद्युत तथा वैकल्पिक ऊर्जाको उपलब्धता र उपयोगमा बृद्धि भएको हुनेछ। | स्थानीय विद्युत उत्पादन | कि.वा | ८०.३ | ८०.३ | १२० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | सोलार प्रणालीसहित विद्युत सेवा पुगेका घरपरिवार | संख्या | ३८४७ | ४३२० | ५३१८ | | |
| | सुधारिएको उर्जा (वायोग्यास/एलपि) प्रयोग गर्ने परिवार | संख्या | ३०२ | ९०० | १५०० | | |
| | जडान सौर्य होम प्रणाली र संस्थागत प्रणाली | संख्या | २२५६ | ३५०० | ४५०० | | |
| | सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | २०० | ६०० | १००० | | |
| **प्रतिफल ३.४:** सूचना एवं सूचना र संचार प्रविधि उपलब्धता, गुणस्तर र उपयोगमा अभिबृद्धि भएको हुनेछ। | संचारका कुनै एक साधन उपलब्ध परिवार | प्रतिशत | ४८ | ० | ८८ | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ। |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | संख्या | २० | ४० | ६० | | |
| | ल्याण्डलाइन टेलिफोन सुविधा गर्ने परिवार | संख्या | ३०० | ४०० | ६०० | | |
| | मोबाइल प्रयोगकर्ता | संख्या | ४७२९ | ७५०० | ९५०० | | |
| | पत्रपत्रीका, टेलीभिजन र इन्टरनेट प्रयोग परिवार | संख्या | ११८६ | २४०० | ३३२४ | | |
| | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | सख्या | ० | १०० | २०० | | |
| **असर ४:** वन, जैविक विविधता, जल र जमीनको दीगो संरक्षण र उपयोग गर्ने। | रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | हेक्टर | ३०५६ | ४०५६ | ५०५६ | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ। |
| | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | हेक्टर | ३०५६ | ४०५६ | ५०५६ | | |
| | संरक्षित चरन क्षेत्र | वटा | ० | १०० | १२६ | | |
| | उत्पादित काठ | क्यूफिट | ५०० | ७०० | १००० | | |
| | उत्पादित दाउरा | भारी | ४५० | ५५० | ६०० | | |
| | उत्पादित गैह्रकाष्ठ वन पैदावर | केजी | ५०० | ७०० | १००० | | |
| | वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | ६ | १० | १५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७७/७८ | ०७९/८० | | |
| | | | | | | | – वन, वातावरण नीतिको पालना हुनेछ । |
| **प्रतिफल ४.१:** वन तथा जडिबुटीको वैज्ञानिक व्यवस्थापन तथा काष्ठ र गैरकाष्ठ वन पैदावरको उत्पादन बृद्धि भएको हुनेछ । | व्यवस्थित सामुदायिक तथा कबुलियती वन क्षेत्र | हेक्टर | ३०५६ | ३३५६ | ३५५६ | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– वन, वातावरण नीतिको पालना हुनेछ । |
| | सरकारद्धारा व्यवस्थित वन क्षेत्र | हेक्टर | १००० | ७०० | ५०० | | |
| | निजी वन क्षेत्र | हेक्टर | ० | ५ | १० | | |
| | वृक्षारोपण क्षेत्र | हेक्टर | २० | ३०० | ५०० | | |
| | आयमूलक कार्य संचालित वन क्षेत्र | हेक्टर | ५० | ७०० | १००० | | |
| | जैविक विविधता युक्त क्षेत्र | हेक्टर | २५०० | ३३५६ | ३५५६ | | |
| | गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेती गरिएको अद्यावधिक क्षेत्रफल | हेक्टर | ० | ६ | १० | | |
| **प्रतिफल ४.२:** जल, जमीन तथा जलाधार क्षेत्रको संरक्षण र वैज्ञानिक व्यवस्थापनमा अभिवृद्धी भएको हुनेछ । | संरक्षित पानी मुहान क्षेत्र | वटा | ७० | १०० | १४० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | ५० | ३०० | ५०० | | |
| | नदी नियन्त्रण लम्बाई | किमी | ८ | २० | २५ | | |
| | उपचार गरिएको/संरक्षित गल्छी र पहिरो | संख्या | ० | ३ | ५ | | |
| | संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ० | ७ | १२ | | |
| | संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | वटा | ० | ५ | ८ | | |
| | वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | ० | ० | १ | | |
| **प्रतिफल ४.३:** नगर क्षेत्रको पर्यावरणीय स्वच्छता, जलवायु परिवर्तन अनुकुलन क्षमता र सुन्दरतामा अभिबृद्धि भएको हुनेछ । | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ० | ६ | ९ | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | प्रयोग भएका फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | ० | ० | १ | | |
| | कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | संख्या | ० | ५००० | ६६४७ | | |
| | परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | संख्या | ६१५५ | ४००० | २५०० | | |
| | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ३० | ४५ | ६० | | |
| | घरभित्रको धुवाँमुक्त घरधुरी | संख्या | ५०२ | २००० | ३००० | | |
| | स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | पटक | ० | ० | १ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७७/७८ | ०७९/८० | | |
| **प्रतिफल ४.४:** विपद् जोखिम न्युनीकरण तथा विपदबाट हुने क्षति कम भएको हुनेछ । | सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास क्षेत्र | संख्या | ० | १ | ३ | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– विपद जोखिम न्यूनीकरण हुनेछ । |
| | वस्ती अयोग्य स्थानमा बसोबास गरेका परिवार | संख्या | १११ | ३० | ० | | |
| | विपदबाट भएको बार्षिक क्षत्ती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती) | रु. हजार | १५०००० | १०००० | ५००० | | |
| | खुल्ला क्षेत्र र स्थान | संख्या | ० | ९० | १३५ | | |
| | तालिम प्राप्त स्वयंसेवक | जना | ० | १०० | १४० | | |
| | विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) | रु. | १७०० | ५००० | ७००० | | |
| | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | संख्या | १ | ४ | ७ | | |
| **असर ५:** कार्यसम्पादन, सेवा प्रवाह तथा जनविश्वासको स्तरमा बृद्धि गर्ने | प्रति व्यक्ति बार्षिक बजेट लगानी (रु.हजारमा) | रु. | १० | १५ | २० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | लक्षित वर्ग, सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न र पिछडिएको वर्ग | संख्या/घर धुरी | ५०० | १००० | २१०० | | |
| | नगरपालिकामा उपलब्ध प्राविधिक मानव संशाधन | प्रतिशत | | | | | |
| | नगरपालिकामा क्रियाशिल गैसस, अगैसस, विकास साझेदार | संख्या | १२ | १८ | २५ | | |
| **प्रतिफल ५.१:** स्थानीय ऐन, नियम, कार्यविधि तर्जुमा तथा पालनामा बृद्धी भएको हुनेछ । | नगरपालिकाले स्वीकृत गरेका कानून तथा नीति | संख्या | | | | – सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | • ऐन | संख्या | ८ | १२ | २२ | | |
| | • नियम तथा विनियम | संख्या | ५ | १० | २२ | | |
| | • निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ११ | १५ | २० | | |
| | क्रियाशिल नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदी) | संख्या | १३ | १६ | १८ | | |
| | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार (क्षतिपूर्ति सहिको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदी) | संख्या | ३ | ४ | ५ | | |
| | स्थानीय कानून, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यमहरु (संचार माध्यम,सुचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिक, सामाजिक सञ्जाल आदी) | संख्या | ५ | ६ | ६ ( नया आए अद्यावधिक गर्ने ) | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७७/७८ | ०७९/८० | | |
| | नगरपाालिका पेश भएका सरकार संचालन तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख | प्रतिशत | ० | ५० | १०० | | |
| | नगरपाालिका पेश भएका सरकार संचालन तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख भएका मध्ये समाधान भएका गुनासो अभिलेख | प्रतिशत | ० | ८० | ९० | | |
| **प्रतिफल ५.२:** जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाको संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ । | नगरपालिकामा कार्यरत मानव संशाधन | संख्या | १५५ | २०० | २५० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | नगरपालिका तथा वडा कार्यालय भवान | संख्या | ५ | ८ | १४ | | |
| | विद्युत पुगेका वडा | संख्या | ८ | १२ | १४ | | |
| | ईन्टरनेट पुगेका वडा | संख्या | २ | ८ | १४ | | |
| | सेवा सुचारु सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, कृषि, पशु सेवा, शिक्षा, सूचना) | संख्या | २२ | ३३ | ४४ | | |
| | नगरपालिकामा संचालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रम एवं इकाई | संख्या | १५ | ४० | ७५ | | |
| | संचालित स्थानीय शासन, योजना तर्जुमा तथा सेवा प्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम | विषय क्षेत्र | ३ | १५ | २३ | | |
| | क्षमता विकास र जवाफदेहिता अभिबृद्धि कार्यमा सहभागी जनप्रतिनिधि र नागरिक समाज | जना | ७५० | २२५० | ३७५० | | |
| **प्रतिफल ५.३:** आन्तरिक तथा वाह्य श्रोत परिचालन क्षमतामा अभिबृद्धी भएको हुनेछ । | नगरपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | रु. | ४६०० | १०००० | २०००० | – नगर वस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन<br>– वित्तीय प्रतिवेदन | – संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा स्थानीय कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदायको लगानी आकर्षण हुनेछ । |
| | संघीय सरकारबाट राजस्व बाँडबाँड प्राप्त रकम | रु. हजारमा | ८३९५६ | १००००० | १५०००० | | |
| | प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु.हजारमा | ३७८५ | ६००० | १०००० | | |
| | वित्तिय समानिकरण (संघ) | रु.हजारमा | १०९००० | १५०००० | १८०००० | | |
| | वित्तिय समानिकरण (प्रदेश) | रु.हजारमा | ७०४७ | १०००० | २०००० | | |
| | शसर्त अनुदान | रु.हजारमा | २६५४०० | ३००००० | ४००००० | | |
| | विशेष अनुदान | रु.हजारमा | ० | २०००० | ५०००० | | |
| | समपुरक अनुदान | रु.हजारमा | ० | ३०००० | ८०००० | | |
| | गैसस, अगैसस, विकास विकासबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम (हजारमा) | रु. | ४०००० | ६०००० | ८०००० | | |
| | समुदायको लगानी तथा योगदान रकम (हजारमा) | रु. | १३४५४ | २०००० | ३०००० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व. ०७४/७५ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | ०७७/७८ | ०७९/८० | | |
| | निजी क्षेत्रको लगानी (हजारमा) | रु | ३००० | ५००० | १०००० | | |
| | निजि सार्वजनिक साझेदारी | रु हजार | ० | २००० | ५००० | | |
| | नगरपालिकाको कूल बार्षिक बजेट (हजारमा) | रु. | ४७६५२२ | ६०००० ० | ८३०००० | | |
| | नगरपालिकाको बार्षिक वास्तविक खर्च रकम (प्रतिशत) | प्रतिशत | ९२ | ९५ | १०० | | |
| | औषत वार्षिक वेरुजु रकम (हजारमा) | रु. | १०१०० | २००० | ० | | |
| **प्रतिफल ५.४:** नतिजामूलक योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको संस्थागत विकास भएको हुनेछ । | खण्डीकृत विषयगत तथा श्रोत नक्शासहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | नभएको | अद्यावधिक भएको | अद्यावधिक भएको | – नगरवस्तुगत विवरण (प्रोफाइल)<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमन प्रतिवेदन<br>– वित्तीय प्रतिवेदन | – संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>– संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>– स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | स्थानीय गौरवका आयोजनाहरुको सूची | संख्या | ० | १४ | २८ | | |
| | तर्जुमा भएका विषयगत रणनीतिक योजना (विषय) | क्षेत्र | ० | ३ | ५ | | |
| | नतिजामूलक ढाँचामा आवधिक योजना तर्जुमा | भए/नभए को | नभएको | अद्यावधिक भएको | अद्यावधिक भएको | | |
| | नतिजामूलक अनुगमन खाकामा आधारित अनुगमन तथा मूल्याङ्कन योजना | भए/नभए को | नभएको | अद्यावधिक भएको | अद्यावधिक भएको | | |
| | कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | १०० | १०० | १०० | | |
| | समयमा सम्पन्न आयोजना/कार्यक्रमको अनुपात | प्रतिशत | ८५ | ९० | ९५ | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) | वार्षिक संख्या | ३ | १२ | ३० | | |
| | नगरपालिकाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | १ | २ | ५ | | |
| | सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व (महिला, दलित, जनजाति र बालबालिका) | संख्या | ७०० | १००० | १४०० | | |
| | लक्षित वर्ग लक्षित बजेट | प्रतिशत | १० | १२ | १५ | | |
| | महिला लक्षित बजेट | प्रतिशत | १० | १२ | १५ | | |
| **क्र.सं.** | **प्रतिफल अनुसार प्रमुख आयोजना र कार्यक्रम** | | | | | | |
| १.१.१ | दस्तावेजको परिच्छेद ४ मा प्रस्तुत छ । | बजेट (रु. हजारमा) | | | | प्रगति तथा अनुगमन प्रतिवेदन | स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |

## ३.५ नीति तथा कार्यनीति

दीर्घकालिन सोच तर्फ उन्मुख भई नगर विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न साँफेबगर नगरपालिकाको संस्थागत क्षमता विकास एवं सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी अभिबृद्धि गरी आवधिक योजनाको प्राथमिकता तथा रणनीति कार्यान्वयन गरिने छ। योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि विषयगत क्षेत्रगत रुपमा देहाअनुसारका नीति तथा कार्यनीतिहरू अबलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिने छ।

### असर १ संग सम्बन्धित (आर्थिक विकास)

### प्रतिफल १.१ सँग सम्बन्धित (कृषि विकास)

१. पकेट खेती कार्य कमीतमा पनि ५० रोपनी क्षेत्रफलमा हुने गरी कृषक समूह वा सहकारीलाई प्रवर्द्धन गर्ने र निजी उद्यमीलाई पनि प्रोत्साहन गरिने छ।

२. कृषि उत्पादन पकेट क्षेत्र र मुख्य सडक संगको पहुँच सुनिश्चित हुने खालका कृषि सडकहरुको निर्माणमा प्राथमिकता दिईने छ।

३. व्यवसायिक कृषिको प्रवर्द्धनका लागि आवश्यक पर्ने उन्नत बीउ, मल तथा औजार उपकरणहरुको खरीदमा अनुदान दिने नीति लिईने छ। अनुदानका त्रियाकलापहरु संचालन गर्दा समूह तथा सहकारीहरुको हकमा ५० प्रतिशत अनुदान प्रदान गरिने छ भने निजी व्यवसायिक फर्म तथा व्यवसायिक कृषकहरुको हकमा २५ प्रतिशत अनुदान दिईने छ।

४. कृषिमा यान्त्रिकरणको प्रयोगलाई प्रोत्साहित गरिने छ र यसकार्यका लागि कृषक समूह र सहकारीलाई यन्त्र उपकरण खरीदमा ५० प्रतिशत अनुदान उपलब्ध गराईने छ भने निजी फर्मको हकमा २५ प्रतिशत अनुदान उपलब्ध गराईने छ।

५. मागको आधारमा स साना हाट बजारको निर्माण गरिने छ। यसका लागि उत्पादक कृषकहरुको प्रतिनिधित्व हुने गरी हाट वजार व्यवस्थापन गरी बेग्लै कार्यविधिबाट संचालन गरिने छ।

६. कृषि विमालाई प्रभावकारी बनाउन जनचेतना अभिवृद्धि कार्यक्रम गर्ने।

७. बाझो जग्गामा व्यवसायिक खेती गर्न प्रोत्साहित गर्ने।

### प्रतिफल १.२ सँग सम्बन्धित (सिंचाई)

१. सिंचाईको स्थायी नहर निर्माण तथा मर्मत कार्य संचालनका उपभोक्ता समिति, कृषक समूह वा सहकारी मार्फत अनुदान दिईने छ।

२. सम्भाब्यता हेरी बोरिङ सिंचाइ बोरिङ्ग, आकासेपानी संकलन तथा लिफ्ट सिस्टम, थोपा सिंचाइ, फोहरा सिंचाइ प्रणालीको विकासलाई जोड दिइने छ।

**प्रतिफल १.३ सँग सम्बन्धित (पशुपंक्षी पालन)**

१. लोपोन्मुख नौमुठे गाईको संरक्षण र प्रवर्द्धनमा जोड दिईने छ।
२. कृषक समूह, सहकारी र व्यवसायिक कृषि फर्मको जिम्मामा रहने गरी उन्नत जातको बोका, राँगा र साँढे वितरण गरिने छ।
३. गोठ सुधार कार्यक्रम समूह सहकारी मार्फत ५० प्रतिशत अनुदानमा संचालन गरिने छ।
४. पशु उपचार कार्यक्रम संचालन गर्दा स्थानीय एग्रोभेट सहितको सहभागितामा संचालन गरिने छ।
५. उन्नत जातको खसीबाखा एवं गाई भैंसीपालन कार्यमा दिईने अनुदान समूह वा सहकारी मार्फत उपलव्ध गराईने छ।
६. कृषि तथा पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालीम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ।
७. दुग्ध चिस्यान केन्द्र, पशुवधशालाजस्ता पूर्वाधारहरुको विकास कार्यमा निजी, सहकारी, गैर सरकारी संस्थाहरुसंगको समन्वयमा निर्माण एवं संचालन गरिने छ।

**प्रतिफल १.४ सँग सम्बन्धित (उद्योग तथा व्यापार विकास तथा प्रवर्द्धन)**

१. परम्परागत सीपमा आधारित साना तथा घरेलु उद्योगहरुको स्थापनामा प्रोत्साहन गरिने छ।
२. व्यवस्थित वजारको विकासका निमित्त निजी क्षेत्रसंग समन्वय गरी पूर्वाधार विकास लगायतका कार्यक्रम संचालन गरिने छ।
३. हाट वजारको संख्या तथा स्तरमा वृद्धि तथा व्यवस्थापन गरिने छ।
४. व्यवसाय सिर्जना, उद्यमशिलता विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरणका लागि युवा लक्षित आवश्यक क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिने छ।
५. स्थानीय श्रम, सीप र प्रविधिमा आधारित उद्योग व्यवसायको स्थापना एवं संचालनलाई प्राथमिकता र प्रश्रय दिईने छ।
६. स्थानीयस्तरमा उद्योग व्यवसायको प्रवर्द्धनका लागि व्यवसाय बजार सूचना, पूर्वाधार र संजाल विकास गरिने छ।

**प्रतिफल १.५ सँग सम्बन्धित (पर्यटन)**

१. पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण तथा अन्य आवश्यक पूर्वाधार विकासका लागि अन्तर स्थानीय तह लगायत प्रदेश सरकार र संघसंग पहल गरिने छ।
२. स्थानीय धार्मिक पर्यटकीयस्थलहरुको संरक्षण, सेवा तथा सुविधा विकास र विस्तार गरी पर्यटन विकास र प्रवर्द्धन गरिने छ।
३. साँफेबगर विमानस्थल सञ्चालनका लागि सम्बन्धित निकायमा पहल गरिने छ।
४. लोपोन्मुख संस्कृति संरक्षणको लागि कार्यक्रम सञ्चालन गरिने छ।
५. सेतीलोक मार्गको नाम परिवर्तन गरी कैलाश मानसरोबर पर्यटकीय मार्ग कायम गर्नका लागि पहल गरिने छ।
६. पर्यटन विकासका लागि पिकनिक स्थल, पार्क आदिको निर्माण गरिने छ।

**प्रतिफल १.६ सँग सम्बन्धित (वैक तथा वित्तीय संस्था)**

१. सहकारी सम्बन्धी शिक्षा, तालीम र सूचनाको व्यवस्था गरिने छ ।
२. बचत प्रोत्साहन, उत्पादनमुलक क्षेत्रमा लगानी वृद्धिका लागि छलफल तथा जनचेतना कार्यक्रम संचालन गरिने छ ।
३. वित्तीय साक्षरताका कार्यक्रम जनस्तरसम्म संचालन गरिने छ ।
४. सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिने छ ।
५. सहकारीहरुबाट प्रदान गरिने सेवामा सबैको सुलभ पहुँचका निमित्त सहजीकरण गरिने छ ।
६. नगरपालिका क्षेत्रमा सामुदायस्तरमा रहेका अनौपचारिक ढंगले संचालित वचत तथा अनुदानका कोषका रकमलाई (स्थानीय विकास कोष, गरिवी निवारण कोष, आदि) सम्बन्धित सरोकारवालाहरु समेतको सहभागितामा व्यवस्थित गरी परिचालन गरिने छ ।

**असर २ संग सम्बन्धित (सामाजिक विकास)**

**प्रतिफल २.१ संग सम्वन्धित (शिक्षा)**

१. सम्बन्धित विश्वविद्यालयको मापदण्डको आधारबाट सहयोग माग गर्ने साथै स्थानीय देखी संघ सम्मका सरकारहरुलाई ध्यानाकर्षण गराउेन नीति तयार गरिने छ ।
२. प्राविधिक शिक्षामा उच्च शिक्षा संचालनका लगि संघीय सरकार र विश्व विद्यालयसँग समन्वय गरि सरोकारवालहरुसँग अन्तरकृया गरि श्रोत, आवश्यकताका र मापदण्डका आधारमा स्थान र संकाय तय गरिने छ ।
३. विभिन्न सरकार स्तरमा आवश्यक खाका तायार पारी सहयोगको लागि समन्वय गरिने छ ।
४. स्थानीय तहबाट नियमित अनुदानका लागि जोड दिइने छ ।
५. क्याम्पस शिक्षाको गुणस्तर र व्यवस्थित शिक्षा प्रणालीको विकासमा जोड दिईने छ ।
६. कम्प्यूटर शिक्षा, र कम्प्यूटरकृत शिक्षा प्रणालीलाई पाठ्यक्रममा समावेश गरिने छ ।
७. विद्यालयको गुणस्तर र व्यवस्थित शिक्षामा सम्बन्धित पक्षले प्रभावकारी भूमिका निर्वाह गरिने छ ।
८. विद्यार्थी संख्या कम भएका र स्थानीय आवस्यकतालाई आधारमानि अध्ययनका आधारमा विद्यालयको गाभिनेछ ।
९. विश्वविद्यालय अनुदान आयोग र स्थानीय सरकार देखी गै.स.सं.हरुलाई सहयोगको लागि आवश्यक पहल गरिने छ ।
१०. सम्बन्धित अभिभावक (पुरुष वा महिला), विद्यार्थी, सञ्चालक समिति बिच समय समयमा शैक्षिक वातावरण निर्माणका विषयमा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।
११. आ-आफ्ना विश्वविद्यालय तथा विश्व विद्यालय अनुदान आयोगमा माग राख्ने, साथै अन्य अ./गै.स.सं. र समुदायको सहयोग परिचालन गरिने छ ।
१२. नगरपालिकाको आर्थिक समितिले स्थानीय क्याम्पसहरुको लागि भौतीक र शैक्षिक गुणस्तरको पहुँचमा पुऱ्याउन आर्थिक सहयोग बढाइने छ ।
१३. जेहेन्दार र फरक क्षमता भएका विद्यार्थीहको लागि छात्रवृत्तिमा पारदर्शिता कायम गराइने छ ।
१४. विद्यालय व्यवस्थापन समिति/शिक्षक-अभिभावक संघको कार्यक्षेत्रलाई क्रियाशिल बनाई जिम्मेवारी, उत्तरदायी भूमिका निर्वाह गर्न वातावारण तयार पार्ने साथै उनीहरुको निगरानीका लागि नगर शिक्षा नियमावलीमा उल्लेखित नियम बमोजीम न.पा. शिक्षा समितिले ध्यान दिइने छ ।
१५. विद्यालयलाई शान्ति घोषणालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
१६. पुर्ण साक्षर नगर घोषणाका लागि सरोकारवाला सबैको सहयोगमा आवश्यक पहल गरिनेछ ।

**प्रतिफल २.२ संग सम्वन्धित (आधारभूत स्वास्थ्य)**

१. **"आधारभूत र आकास्मिक स्वास्थ्य सबैको घरमा, स्वस्थ र निरोगी नागरिक साँफेबगरमा"** भन्ने नारालाई स्वास्थ्य सेवामा पहुँच तथा सेवा विस्तारको मार्गदर्शकको रुपमा लिइनेछ।

२. साँफेबगर नगरपालिकाको स्वास्थ्य तथा सरसफाइ कार्यविधी २०७५ लागु गरिने छ।
३. गुणस्तरीय स्वास्थ्य सेवाको विस्तारका लागि संघ, प्रदेश र विकास साझेदार संघ संस्थासँग समन्वय, सहकार्य र साझेदारीको अभिवृद्धि गरिने छ।
४. विद्यमान निर्देशिका अनुसार स्वास्थ्य चौकी, अस्पताल र व्लड बैंक, फार्मेसी, सामुदायिक स्वास्थ्य कार्यक्रम प्रयोगसालाको स्तरउन्नती गरिने छ।
५. बयलपाटा अस्पतालको स्तरोन्नती र आवश्यक जनशक्ति व्यवस्थाका लागि संघ, प्रदेश र विकास साझेदारसँग पहल र समन्वय गरिनेछ।
६. स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी गराइने छ।
७. बयलपाटा अस्पताललाई शिक्षण अस्पतालका रुपमा विकास गराउन संघीय तथा प्रदेश सरकारसँग समन्वय र पहल गरिने छ।
८. महिला स्वास्थ्य स्वयंम सेविकाको प्रोत्साहन भत्ता सहित क्षमता वृद्धि गरिने छ।
९. पूर्णखोप सुनिश्चितता अभियान संचालन गरिने छ।
१०. पूर्ण संस्थागत सुत्केरी अभियान संचालन गरिने छ।
११. गैससँग समन्वय गरि सुनौला हजार दिनका आमालाई पोषण उपलब्ध गराइने छ।
१२. स्वास्थ्य संस्थामा विद्युतिय रिर्पोटीङको व्यवस्था गरिने छ।
१३. विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी गराइने छ।
१४. घुम्ती स्वास्थ्य शिविरलाई नियमित र प्रभावकारी गराइने छ।
१५. २ सन्तान प्रोत्साहनका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ।
१६. भिटामिन ए कार्यक्रम र पूर्ण खोप कार्यक्रमलाई निरन्तरता दिने कार्यलाई प्रभावकारी गराइनेछ।
१७. नगर क्षेत्रमा जनस्वास्थ्यलाई सुद्धृढ गर्न हरेक वडामा जनसंख्याका आधारमा महिला जनस्वास्थ्य सेविकाहरुको व्यवस्था गरिनेछ।
१८. घर घरमा स्वास्थ्य सेवामा पहुँच पुर्याउन संस्था संस्था तथा जनस्वास्थ्य सेविकाहरु परिचालन गरिने छ।
१९. मातृ तथा बाल मृत्युदर शुन्यमा पुर्याउन आवश्यक प्रयास गरिनेछ।
२०. स्वास्थ्य सेवालाई प्रभावकारी गराउन स्वास्थ्य विमा कार्यक्रमलाई विस्तार गरिनेछ।
२१. स्वास्थ्यलाई हानी पुर्याउने सामाजिक मान्यता, कुलत, आनिवानी तथा व्यवहारलाई सुधार गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
२२. स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने सेवा सुबिधालाई विस्तार गर्दै लगिनेछ।

**प्रतिफल २.३ संग सम्वन्धित (खानेपानी तथा सरसफाई)**

१. गुणस्तरीय खानेपानी तथा सरसफाई सेवाको विस्तारका लागि संघ, प्रदेश र विकास साझेदार संघ संस्थासँग समन्वय, सहकार्य र साझेदारीको अभिवृद्धि गरिने छ।
२. एक घर एक करेसावारी, एक घर एक भाँडा सुकाउने चाङ्ग र एक घर एक शौचालयको निर्माण गरिने छ।
३. एक घर एक धाराको निर्माण गरि सबैमा स्वच्छ पानीको पहुँच विकास गरिने छ।
४. पूर्ण सरसफाइयुक्त नगर घोषणा गरिने छ।
५. प्लास्टिक तथा सिसाजन्य फोहोरको नियन्त्रण तथा व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने छ।

### प्रतिफल २.४ संग सम्वन्धित (लक्षित वर्ग तथा समावेशीकरण)

१. समावेशीताको कार्यान्वयनका लागि संघ, प्रदेश र विकास साझेदार संघ संस्थासँग समन्वय, सहकार्य र साझेदारीको अभिवृद्धि गरिने छ।
२. निर्णायक तहमा दलित, महिला, युवा, बालवालिका र अपांगता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता एवं भूमिकाकालाई सुनिश्चित गरिने छ।
३. रोजगारी, आवास र समावेशीताका लागि कानूनी व्यवस्थाको पालनाका सुनिश्चितता गरिने छ।
४. लक्षित वर्गको लागि आवश्यकता र औचित्यका विशेष कार्यक्रम तथा बजेटको व्यवस्था गरिने छ।
५. छुवाछुत लगायत सामाजिक कुप्रथा विरुद्ध जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ।
६. दलित लगायतका पिछडिएको वर्गको शिक्षा, स्वास्थ्य तथा रोजगारीका क्षेत्रमा विशेष अवसरहरु सृजना गरिने छ।
७. भूमिहिन दलित तथा विपन्नहरुको लगत तयारगरी भूमि तथा आवासको व्यवस्था गरिने छ।
८. सार्वजनिक स्थलमा अपांगमैत्री संरचाना निर्माणलाई सुनिश्चित गरिने छ।
९. अपांगता भएका सबै व्यक्तिको लगत अद्यावधिक गर्दै परिचय पत्र उपलब्ध गराइने छ।
१०. अपांगता भएका ग र घ वर्गका व्यक्तिहरुलाई समाजिक सुरक्षामा आवद्धता साथै सार्वजनिक स्वास्थ्य सेवा निशुल्क गराइने छ।
११. लक्षित वर्गका संजालको वैधानिकता सहित निरन्तरताको सुनिश्चितता गरिने छ।
१२. बालमैत्री स्थानीय शासनको कार्यान्वयन गरिने छ।

### प्रतिफल २.५ संग सम्वन्धित (युवा तथा खेदकुद)

१. युवाहरुलाई अनुकुलको रोजगारीका अवसर सृजना गर्न युवा स्वरोजगार कार्यक्रमलाई क्षमता विकास सहित स्वरोजगार र व्यवसायिक युवा प्रोत्साहन गरिने छ
२. युवालाई दुर्व्यसनबाट जोगाउन संगित र खेलकुदलाई दुर्व्यसन मुक्त नाराको कार्यान्वयन गर्न अभियान संचालन गरिने छ।
३. युवा लक्षित लोकसेवा तयारी कक्षा संचालन गरिने छ।
४. सूचना व्यवस्थापन तथा युवामैत्री सूचना प्रणाली कार्यान्वयन गरिने छ।
५. कबर्डहल निर्माण, खेल मन्दिर निर्माण, खेलकुद सामग्री व्यवस्थापन जस्ता क्रियाकलापहरुको माध्यमबाट खेलकुद विकासको गतिलाई टेवा पुर्याईने छ।

### प्रतिफल २.६ संग सम्वन्धित (कला, सँस्कृति तथा भाषा)

१. संघीय, प्रदेस सरकार र गैसस, व्यापारी/व्यवसायीको सहयोग परिचालन गरिने छ।
२. स्थानीय स्तरमा आर्थिक संकलनको लागि वृहत पुराण, धार्मिक मेला लगायतका कार्यमा जोड दिई स्थानीय समुदाय अर्थात साँफेबगर नगरबासीबाट कम्तीमा २० सदस्यीय समिति गठन गरी प्रतिष्ठानको सञ्चालनको जिम्मेवारी दिइने छ।
३. नगरपालीकाको कला संस्कृती हेर्ने विषयगत समितिले यस मार्फत पहल गरी आवश्यक व्यवस्थापकिय पाटोमा ध्यान दिई कार्यान्वयन गराइने छ।
४. स्थानीय परिवेशको पाठ्यक्रम तयार पार्दा कला, संस्कृतीका विषयलाई उल्लेख्य स्थान दिइने छ।
५. न.पा.बाट राष्ट्रिय स्तरका पर्यटन देखी सांस्कृतिक निकायहरुलाई ध्यानकर्षण गराई आवश्यक भौतिक तथा अभौतिक सहयोगको परिचालन गरिने छ।

## असर ३ संग सम्बन्धित (पूर्वाधार विकास)

### प्रतिफल ३.१ (सडक, पुल तथा यातायातसँग सम्बन्धित)

१. उपभोक्ता/समुदायको सहभागिता (नगद, श्रमदान वा बस्तुगत सहयोग) जुट्ने आयोजना मात्र उपभाक्ता समिति मार्फत कार्यान्वयन गरिने छ।
२. माटोको कार्यमा ३० प्रतिशत र संरचनामा २० प्रतिशत उपभोक्ता सहभागिता गराएर मात्र नगरपालिकाबाट आयोजना कार्यान्वयनको व्यवस्था गरिने छ।
३. सडक, पुल तथा भवन निर्माण गर्नु पूर्व आयोजनाको विस्तृत सर्वेक्षण गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी आयोजना स्वीकृत र बजेट विनियोजन गरिने छ।
४. उपभोक्ता समितिलाई आयोजनाको प्राविधिकपक्ष डिजाईन, इस्टिमेट, निर्माण कार्ययोजना मूल्याङ्कन, र व्यवस्थापिकिय पक्ष (निर्णय प्रकिया, खरिद प्रकिया, अभिलेख सार्वजनिक परीक्षण जिम्मेवारी  बाडफाड, फरफारक, लेखा आदि) क्षमता बिकास गर्ने
५. रु ५० लाख सम्मको आयोजना मितव्ययी, सहभमगिता बृद्धि र गुणस्तर हुने अवस्थामा उपभोक्ता समितिबाट आयोजना निर्माण गर्ने।
६. नगरपालिकाको स्थानिय दर रेट र निर्माण सामग्री ज्याला र भाडा को दर र्मिमाण गरी सो अनुसार आयोजनाको इस्टिमेट तयार गरिने छ।
७. आयोजनाको निर्माण अवस्था र सम्पन्न भएपछि सार्वजनिक सुनुवाई सार्वजनिक परिक्षण को व्यवस्था अनिवार्य गरिने छ।
८. ल्याव टेस्टको व्यवस्था गरी आयोजनाको गुणस्तर कायम गरिने छ
९. सडकको दायाबाया र आयोजना स्थलमा बोट बिरुवा रोपन, वायोइन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी आयोजनालाई दिगो र वातावरणमैत्रि बनाईने छ।
१०. नयाँ संरचना अनुसार उपभोक्ता समिति परिचालन कार्यविधि परिमार्जन गरी सो अनुसार उपभोक्ता समितिद्धारा आयोजना कार्यान्वयन गरिने छ।
११. आयोजनाको संचालनको अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज संस्थाको सहजीकरणमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता, प्रभावकारिता र जवाफदेहीता अभिबृद्धि गरिने छ।
१२. स्थानीय समुदायको सहभागिता नगरपालिकाबाट स्वीकृत भवनसंहिता र मापदण्ड अनुसार सडक चौडा गरिने छ।
१३. पूर्वाधार विकास सम्बन्धी आयोजना निर्माण गर्दा आयोजनाको संचालन मितव्ययी हुने, लागत सहभागिता तथा प्रभावकारिता बृद्धीको सुनिश्चितता हुने अवस्थामा पूर्वाधार निर्माण कार्यलाई आवश्यकता अनुसार टोल विकास संस्था, महिला तथा आमा समूह, विद्यालय तथा स्वास्थ्य संस्था व्यवस्थापन समिति, सामुदायिक तथा मध्यवर्ती वन उपभोक्ता समिति र गैसस मार्फत समेत कार्यान्वयन गर्ने व्यवस्था गरिने छ।
१४. सुरक्षा निकायसँग समन्वय तथा स्थानीय टोल विकास संस्था परिचालन गरी सडक अतिक्रमण हटाइनेछ।

### प्रतिफल ३.२ सँग सम्बन्धित (आवास तथा वस्ती र भवन)

१. बजार केन्द्र, बस्ती विकास र वडा केन्द्रको लागि जग्गा एकीकरण गरी व्यवस्थित बजार र बस्तीको बिकास गरिनेछ।
२. आर्थिक सामाजिक संभाव्यताको आधारमा जग्गा एकिकरण गरी एकिकृत बस्ती विकास गरिने छ।
३. बजार व्यवस्थापन र पुर्वाधार निर्माण स्थानिय उद्यमी तथा व्यवसायीको लागत सहभागिता संचालन गरिनेछ।
४. छरिएका तथा जोखिममारहेका बस्तीलाई स्थानान्त्रण गरी एकिकृत बस्तिको विकास गरिनेछ।

५. परम्परागत र प्राविधिक संभाव्यताको अध्ययन गरी जमिनको वर्गिकरण गरी सो अनुसार जमिनको उपयोगलाई कडाइकासाथ लागु गरिने छ ।
६. सार्वजनिक जग्गाको पहिचान ,लगत संकलन तथा नक्शाङ्कन सार्वजनिक उपयोगको व्यवस्था गरिनेछ ।
७. हलिया तथा सुकुम्बासीको व्यवस्थित बसोबासको लागि जग्गा व्यवस्थापन गर्न नेपालसरकार संग पैरवी गरिनेछ ।
८. भुकम्प प्रतिरोधी संरचना निर्माण गर्नको लागि बस्ती बिकास शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ बमोजिम नगरपालिकाको भवन तथा पूर्वाधार मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
९. सुदुर लक्षित प्राविधिक शिक्षालयको भवन निर्माण कार्य शिघ्र सम्पन्न गर्न पहल गरिनेछ ।
१०. बजार भित्रका सडकहरुको मापदण्ड तोकी सडक अधिकार क्षेत्र स्पष्ट गरिने सो अनुसार सडक चौडा गरिनेछ ।
११. सडक अधिकार क्षेत्र, भवनको मापदण्ड तयार गरी नगरवासीलाई जानकारी दिई सो को परिपालना अभिबृद्धि गरिने छ ।
१२. भुकम्प प्रतिरोधी भवन निर्माण प्रविधि वारे स्थानीय समुदायलाई जानकारी दिने तथा नक्शापास अनिवार्य गरिने छ ।
१३. वाँध, स्पर तथा नालाको निर्माण गरी जोखिममा रहेका वस्ती, पूर्वाधारहरुको संरक्षण र सुरक्षाको व्यवस्था गरिने छ ।

### प्रतिफल ३.३ सँग सम्बन्धित (विद्युत र वैकल्पिक उर्जा)

१. स्थानीय समुदाय, नीजि क्षेत्र, सहकारी र नगरपालिकाको लागत सहभागितामा विद्युत उत्पादन, वितरण, विस्तार र मर्मत संभारको व्यवस्था गरिने छ ।
२. संघिय प्रहरी, प्रदेश प्रहरी र जिल्ला प्रशासनसँग समन्वय र नगर प्रहरी तथा टोल विकास संस्था विद्युत चुहावट र चोरी नियन्त्रणको व्यवस्था गरिने छ ।
३. सौर्य उर्जा, वायोग्यास, सुधारिएको चुल्हो प्रर्वधनका लागि टोल विकास संस्था तथा स्थानीय गैसस परिचालन गरी सचेतना कार्यक्रम संचालन तथा प्रोत्साहनको व्यवस्था गरिने छ ।
४. आयोजना तथा कार्यक्रम छनौट तथा बजेट विनियोजन गर्दा नै मर्मत संभार कोष र संयन्त्र हुने व्यवस्था गरिनेछ ।
५. बुढिगंगा जलविद्युत आयोजना (२० मेगावाट) निर्माण सिघ्र संचालन गर्न वहश र पैरवी गरिने छ ।
६. स्थानीय उपभोक्ता तथा नगरपालिकाको सहभागिता (२०-८०) लागत सहभागिता विद्युत ट्रान्सफर्मर तथा विद्युतलाईन विस्तार गरिनेछ ।
७. दिपायल साँफेवगर विद्युत ११ केभिए ट्रान्समिसन लाइनको ६६ केभिए क्षमताको अभिबृद्धिकालागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय र साझेदारी गरिनेछ ।
८. विद्युत प्राधिकरणसँग समन्वय र साझेदारी गरी जिर्ण भएका विद्युत पोल, लाईनको स्तरोन्नति गरिनेछ ।

### प्रतिफल ३.४ सँग सम्बन्धित (सूचना तथा संचार प्रविधि)

१. नेपाल टेलिकम, एनसेल, स्मार्ट टेलिकम्युनिकेशन र इन्टरनेट तथा टेलिभिजन सेवा प्रदायक कम्पनीसँग समन्वय गरी टेलिफोन, इन्टरनेट, टेलिभिजन टावरको विस्तार तथा क्षमता अभिबृद्धि गरिने छ ।
२. योङ्ग इनोभेसन कम्पनीको प्राविधिक सहयोगमा गुनासो व्यवस्थापन प्रणाली तथा संयन्त्र स्थापना गरी सुशासन प्रवर्धन गरिने छ ।
३. नगरपालिकाको गतिविधि, सूचना, समाचार तथा प्रगति विवरण, सफल अभ्यासको विवरण प्रकाशन र प्रसारणको लागि स्थानीय मेडिया तथा सेवा प्रदायक परिचालन गरिने छ ।
४. स्थानीय तहमा रहेका एफ.एम. रेडियो र पत्रपत्रिकाहरुको स्तरोन्नती तथा बृद्धि विकास गरिने छ ।
५. नगरपालिकाले प्रवाह गर्ने सेवा तथा सुविधा, प्रगति विवरण, सफल अभ्यास, सेवा प्रवाहको स्तर र नागरिक सन्तुष्टी सम्बन्धी सूचना तथा विवरण प्रकाशन र प्रसारणकोलागि स्थानीय मिडियाको परिचालन गरिने छ ।

६. नगर कार्यपालिका कार्यालमा एकीकृत सेवा प्रवाहसँगै CCTV क्यामेरा जडान तथा सबै वडा कार्यालय, सेवा केन्दहरुमा क्रमशः पनि विस्तार गरिने छ ।
७. व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, योजना व्यवस्थापन, कर तथा राजस्व, जिन्सी तथा कर्मचारी प्रशासनसँग सम्बन्धी सफ्टवयर निर्माण गरी सेवा प्रवाहलाई सूचनामैत्री बनाइनेछ ।
८. नगरबासीलाई कृषि, पशु, स्वास्थ्य, शिक्षा, उद्योग तथा सहकारी सम्बन्धी सूचना तथा विवरणमा पहुँच बढाउन एप्स निर्माण गरी सेवा तथा सूचना प्रवाह गरिनेछ ।

**असर ४ सँग सम्बन्धित (वन, वातावरण तथा विपद्)**

**प्रतिफल ४.१ संग सम्वन्धित (वन तथा जैविक विविधता)**

१. वनजन्य तथा वनमा आधारित उत्पादनको लागि बजारको सुनिश्चितता गर्न नगरपालिकाबाट सरोकारवालाहरुसँग समन्वय गरिने छ ।
२. सामुदायिक तथा कवुलियति वनका समुहलाई वार्षिक प्रतिवेदन तयार पारी नगरस्तरमा पेश गर्ने व्यवस्था गरी नियमनमा सघाउ पुऱ्याइने छ ।
३. वन समुहहरुको समुहगतरुपमा सार्वजनिक परिक्षणको व्यवस्था तथा सम्बन्धित परिक्षणको प्रतिवेदन र सुझाव पालना भए नभएको समीक्षा गर्ने व्यवस्था गरिने छ ।
४. समुदाय, प्रशासन तथा सरोकारवालाहरुसँग समन्वय गर्दै वन अतिक्रमण, चोरी शिकारी तथा वन डढेलोको सहभागितामूलक ढंगले नियन्त्रण गरिने छ ।
५. नगरपालिकाभित्र पाइने वनस्पतिको अभिलेख तयार गरिने छ तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तु प्रजातिहरुको पहिचान र संवर्द्धन गरी पर्यावरणीय पर्यटनमा टेवा पुऱ्याइने छ । यसका लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
६. धेरै पुराना बोटविरुवाको व्यवस्थापन र नयाँ बोटविरुवा हुर्कने (regeneration)वातावरण सिर्जना गर्दै यस कार्यलाई विपन्न समुदायको जीविकोपार्जनसँग आवद्ध गरिने छ ।
७. लोपोन्मुख प्रजातिको पहिचान र संरक्षण गरी वनको गुणस्तर र जैविक विविधता वृद्धिमा टेवा पुऱ्याइने छ ।

**प्रतिफल ४.२ संग सम्वन्धित (भूसंरक्षण तथा जलाधार)**

१. छाडा वस्तुलाई पूर्णरुपमा बन्देज लगाई छाडा छाड्नेलाई आर्थिक जरिवाना गर्ने व्यवस्था गरी अव्यवस्थित चरिचरण नियन्त्रण गरिने छ ।। यसमा वन समूहहरुलाई बढी जिम्मेवार बनाइनेछ ।
